परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

मानव सभ्यताको विकासक्रम सँग-सँगै शिक्षाको पनि विस्तार र विकास भएको पाइन्छ शिक्षाको विकासक्रमबाट नै हरेक राष्ट्रहरुको विकास सम्भव भएको छ। विभिन्न समय, काल र परिस्थिती पार गर्दै शिक्षाले व्यापक रुपमा आधुनिक युगमा प्रवेश गरेको पाइन्छ । प्राचीन कालमा शिक्षालाई ज्ञान आर्जन गर्नु मोक्ष प्राप्तिका लागि हुन्छ भन्ने विचार सँग-सँगै मध्यकालीन र आधुनिक युगमा नयाँ-नयाँ विचारहरुबाट यसको विकास गर्नमा सहयोग पुगेको पाइन्छ । शिक्षाको विकास व्यक्ति र समाजको उत्थान गर्ने एक प्रमुख साधन हो । जसले व्यक्तिमा रहेको अन्तरनिहित प्रतीभालाई वाहिर प्रस्फुटन गरी मानिसलाई जीवन यापन गर्न योग्य र सक्षम बनाउँछ। शिक्षा नै मानिसको लागि सर्वाङ्गिण विकासको रुपमा रहेको हुन्छ र यो गतीशिल र निरन्तर रुपमा चलिरहने प्रक्रिया हो।

सामान्यतया नेपालको तराई तथा भित्री मधेशमा एकवद्ध भै कुल जनसंङ्ख्याको झण्डै ०.३% सङ्ख्यमा रहेको मुसहर जाती सर्लाही जिल्लामा जि.वि.स. को तथ्याङ्कको आधारमा ३८,२५१ मुसहरजाती बसोवास भएको तथ्यले देखाउँदछ साथै तराईका खोला, नदी तथा कुलोहरुमा माछा मार्ने, साहु माहाजन कहाँ दैनिक ज्याला-मजदुरी गर्ने, नोकरी गर्ने यिनीहरुको पेशा भएको पाइन्छ । यिनीहरुको भाषा मातृभाषालाई वढी प्राथमिकता दिएको पाइन्छ भने शिक्षा क्षेत्रमा आफ्नो समुदायको पहुँच साह्रै कम रहेको पाइन्छ।

यसरी पिछडिएका दलित तथा जनजातीहरुलाई शिक्षाको माध्यमबाट समुदायलाई विकासको मार्गमा अघि वढाउन र जीवनस्तरमा सुधार ल्याउन सबैले शिक्षा पाउनुपर्छ । शिक्षामा सबैको पहुँच पुग्नुपर्छ भन्ने उद्देश्यले सन् १९९० मा थाइलैन्डको जेमटिनमा शिक्षा सम्बन्धी विश्व सम्मेलनमा “**सबैका लागि शिक्षा**” भन्ने अन्तराष्ट्रिय प्रतीवद्धताको घोषणा गरीयो । नेपालले घोषणा-पत्र अनुसार सन् २००० मा सबैका लागि शिक्षा अभियानमा

प्रतीबद्धता व्यक्त गऱ्यो । सन् २००० मा सेनेगलको डाकारमा सबैका लागि शिक्षा सम्बन्धी सम्मेलन गरी  सन् २०१५ सम्ममा सबैका लागि शिक्षा प्राप्त गर्न डकार घोषणा-पत्रको निर्माण भयो । सन २०१५ सम्ममा महिला, अती कमजोर एवं कठिन अवस्थामा रहेको दलित तथा जनजातीका वालवालकिाहरुलाई शिक्षाको पहुँच वढाइ स्तरीय र अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने र आदिवासी समूहको आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने, अधिकारको सुनिश्चितता गर्ने उद्देश्य राखिएको छ ।

मुसहर समुदायको उचित वसोवास र शैक्षिक विकासको लागि नेपाल सरकारले विभिन्न नीतीगत रुपले प्रयास गरीनुका साथै विभिन्न गैर-सरकारी संस्थाको संयुक्त प्रयासमा निःशुल्क पढ्ने व्यवस्था, दलित छात्रवृतीको व्यवस्था, पोशाकको व्यवस्था गरेता पनि विभिन्न कारणहरुले यिनीहरुको सहभागिता भने अझै न्यून देखिन्छ । यसरी हेर्दा मुसहर वालवालिकाहरु शिक्षाको आधारभूत अधिकारबाट वन्चित भएको देखिन्छ । नेपाल सरकारबाट शिक्षामा सबैको पहुँच, शिक्षामा समान अवसरका कार्यक्रमहरु जस्तै :- निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति प्रदान, पोशाक र अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्दा पनि मुसहर वालवलिकाहरुमा प्रायः शिक्षाको मुल प्रवाहबाट किन पछाडी परेका छन त भन्ने प्रश्न दिन प्रती दिन अनुत्तरित बन्दै गएको छ ।

अतः शिक्षा, स्वास्थ्य र राज्यको सम्पूर्ण अँगमा पहुँच नभएको नेपालको एक पिछिडिएको दलित जातीमा रहेको मुसहर जातीको कसरी शैक्षिक क्षेत्रमा अग्रविकास हुन सक्छ र भविष्यको कर्णधार ती साना कलिला मुना वालवालिकाहरु प्राथमिक स्तरको शिक्षामा सहभागिता वढाउन सकिन्छ भन्ने कुराको लागि र मुसहर समुदायको परमपरागत संस्कार, पेशालाई हटाई उनीहरुलाई पनि अरु जाती सरह सक्षम बनाउनको लागि यो शोध पत्र सार्थक हुनेछ ।

## १.२ समस्याको कथन

मुसहर समुदायका वालवालिकाहरुको शैक्षिक अवस्था किन कमजोर छ ? किन विभिन्न प्रयासको बावजुद पनि अरु समुदायको दाँजोमा यिनीहरुको सहभागिता न्यून छ ? भन्ने कुरा

महशुस गरी सर्वसाधरण लगायत शिक्षाक्षेत्रसँग सम्बन्धीतव्यक्तिहरुको ध्यानाकर्षण गर्नको लागि जब्दी गा.वि.स.अन्तर्गत रहेको मुसहर टोलका प्राथमिक उमेर समूहका वालवालिकाहरुको शैक्षिक अवस्था किन खस्किएको छ ? यस्तो अवस्था सृजना किन र कसरी भयो ? उनीहरुको शिक्षा प्रतीको दृष्टिकोण के छ ? किन शिक्षामा सहभागिता वढ्न सकेको छैन ? जस्ता महत्वपूर्ण खोजविन गरी आवश्यक राय सुझावको लागि यो शोधको थालनि गरीएको छ ।

विश्वको परिवेशलाई हेर्दा वर्तमान समयमा पनि नेपाल अशिक्षा, अज्ञानता, गरीव, रोग, भोकमरी र राजनैतीक द्वन्दमा पिल्सिएको विश्वको गरीव राष्ट्रहरुको सूचीमा पर्ने गरीब मुलुकको रुपमा चिनिन्छ । अशिक्षा र आर्थिक दुरावस्थाको कारणले देश दल-दलमा फसेको छ । यी कारणले सबै वर्गको समानुपातीक विकास हुन सकेको छैन । त्यसमा पनि पिछिडिएर रहेको अधिकांश मुसहर जाती अशिक्षा र उत्पीडनका कारण तीनिहरुको अवस्था दिनानुदिन दयनिय हुनुका साथै कमारो भएर बस्न वाध्य हुनु परेको छ । सैद्धान्तिक तवरले वर्तमान अवस्थामा समान अवसर पाएता पनि उनीहरुको अवस्था झन-झन खस्किरहेको देखिन्छ । उनीहरुको उत्थानका लागि सरकारले शिक्षाको अवसर र अग्रसरता देखाए तापनि वास्तवमा उपभोग गर्न सकेको छैनन् । नेपालको नवौं पञ्चवर्षीय योजना ( २०५४ -२०५९ ) र राष्ट्रिय शिक्षा आयोगको प्रतीवेदन २०४९ ले गरिबीको रेखामुनि रहेका सबै सुविधा विहीनहरुका लागि समानता र समान पहुँचयुक्त गुणात्मक शिक्षा र शैक्षिक व्यवस्थापन प्रभावकारी सुधारका नारा सहित सन् ( १९९२ - १९९६ ) र सन् (१९९७ - २००२ ) सम्म आधारभूत प्रथमिक शिक्षा परियोजना पहिलो र दोस्रो चरण सम्पन्न गरसीकेको छ ।

शिक्षा मन्त्रालय आ.प्रा.शि.प..१९९८ सालमा शिक्षा तथा खेलकुद मन्त्रालयले शैक्षिक योजना कार्यन्वायनका लागि निम्नानुसार रणनीती अपनाएका देखिन्छ ।

१. लैङ्गिक समानताका हिसाबले आधारभूत प्राथमिक शिक्षा सबैका लागि उपलब्ध गराउने ।
२. गुणात्मक शिक्षाको विकासमा विशेष जोड दिने ।
३. राष्ट्रिय भाषाहरुमा शिक्षा प्रदान गर्न आवश्यक कदमहरु चालिने ।

४. स्थानीय निकाय, अभिभावक र समुदायमा व्यवस्थापनको वीकेन्द्रिकरणलाई प्राथमिकता दिने ।
५. भौतीक तथा आर्थिक सुविधाहरु विस्तार गर्ने ।
६. सबै गा.वि.स.र न.पा.हरुलाई आफ्नो क्षेत्रमा प्राथमिक विद्यालयहरुको स्थापना र सञ्चालनको जिम्मा दिने । (शिक्षा मन्त्रालय,१९९९)

यसै सन्दर्भमा, शिक्षाको रणनीती र शिक्षामा गरीएको लगानिको वावजुद पनि मुसहर जातीका प्राथमिक उमेर समूहका वाल-वालिकाहरुको शैक्षिक क्षेत्रमा किन पछि परेका छन् ? विद्यालयको वरपर रहेको मुसहर वाल-वालिकाहरु अन्य समुदायको तुलनामा बराबर रुपमा किन सहभागी भैरहेका छैनन् ? उनीहरुका लागि शिक्षाका अवसरहरु के-के हुन सक्छ ? किन सहभागिता न्यून छ ? यस्तो अवस्थाको सृजना किन भयो ? के साँस्कृतीक भिन्नताको कारणले यस्तो स्थिती आएको हो कि ? विद्यालयको व्यवहारले उनीहरुलाई समेट्न नसकेको हो कि ? गरीवी र घरायसी कामको कारणले विद्यालयमा सहभागिता हुन नसकेको हो ? जस्ता महत्वपूर्ण र समय सान्दर्भिक प्रश्नहरुको जवाफ खोज्न र आवश्यक जानकारी प्राप्त गर्न गरीने यस अध्ययनमा निम्न समस्याहरु रहेको देखिन्छ ।

**समस्याहरु**

१. मुसहर वाल-वालिका विद्यालय उमेर समूहका विद्यालय सहभागिता बारे पर्याप्त अध्ययन अनुसन्धान नहुनु ।
२. मुसहर वाल-वालिकाको शिक्षाको अवसरबाट वन्चित हुने कारणको खोजी नहुनु ।
३. अभिभावकहरुमा शिक्षा प्रतीको धारणा बुझ्नको लागि ।
४. विद्यालय शिक्षामा समायोजन हुन सक्ने र नसक्ने स्थितीको बारेमा थाहा पाउन ।
५. शिक्षामा वढी सहभागिता गराउन के कस्ता कार्यक्रमहरु ल्याउने भनी पहिल्याउन ।
६. हालसम्म यस क्षेत्रमा रहेका मुसहर वाल-वालिकाहरुको प्राथमिक शिक्षाको स्थितीको बरेमा अध्ययन अनुसन्धान नहुनु ।

उपर्युक्त विषयलाई मध्यनजर राखी सर्लाही जिल्लाको जब्दी गा.वि.स. को वार्ड नं १, ६ र ९ मा रहेको मुसहर वाल वालिकाको शैक्षिक अध्ययनबाट वाल-वालिकाको शैक्षिक अवसर कस्तो छ ? तीनका अभिभावकमा शिक्षाप्रती दृष्टिकोण कस्तो छ ? के-कस्ता समस्याले तीनका वाल-वालिका प्राथमिक शिक्षामा सहभागिता हुन सकिरहेका छैन ? भर्ना दर, उपस्थिती, कक्षा छोडने, दोहोऱ्याउने स्थिती कस्तो छ ? भन्ने सम्वन्धमा यो शोधपत्रको कथन प्राथमिक तहमा मुसहर वाल-वालिकाको सहभागिता अध्ययनमा केन्द्रित रहेको छ ।

### १.३ अध्ययनको औचित्य

प्राथमिक तहमा देशभरका सम्पूर्ण जात-जातीका वाल-वालिकालाई अनिवार्य रुपमा भर्ना गराउने नेपाल सरकारको लक्ष्य रहेको छ । देशभरमा रहेका जम्मा मुसहर समुदायमध्ये सर्लाही जिल्लामा पनि यिनीहरुको संख्या पनि निकै रहेको छ । यो अध्ययनले सर्लाही जिल्लाको जिल्ला शिक्षा कार्यालय साथै सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुलाई सहयोग गर्न महत्वपूर्ण भूमिका रहने छ । यस जिल्लाका मुसहर जातीहरुको संख्या ठूलो अनुपातमा रहेता पनि विद्यार्थी भर्ना, कक्षा छोड्ने दर बढी हुनुका कारण पत्ता लगाउन यस अध्ययनको आफ्नै प्रकारको महत्व रहन्छ ।

- यस प्रकारको अध्ययनले मुसहर वाल-वालिकाको शैक्षिक, सांस्कृतीक, आर्थिक, सामाजिक आदि पक्षमा अध्ययन गर्ने जो कोहीलाई पनि सहयोग पुग्नेछ ।
- मुसहर छात्र-छात्राहरुको प्राथमिक तहमा भर्ना र कक्षा उपस्थितीको अवस्था बारे जानकारी दिनेछ ।
- आजसम्म भएका अध्ययन अनुसन्धान केवल मुसहर समुदायका धार्मिक, साँस्कृतीक, आर्थिक र सामाजिक पक्षसँग मात्र सीमित थिए, त्यस कारण यो अध्ययनको नयाँ विषय बन्ने छ ।
- अध्ययन क्षेत्रमा मुसहर वाल-वालिकाको कक्षा क्रियाकलापमा कस्तो भूमिका रहन्छ भन्ने विषयको बारेमा जान्न सहयोग पुग्ने छ ।
- अध्ययन क्षेत्रमा मुसहर वाल-वालिकाको शैक्षिक अवस्था ( कक्षा भर्ना, उपस्थिती, कक्षा छोड्ने, कक्षा दोहर्याउने, उत्तीर्ण र अनुत्तीर्ण) को विवरण दिन सहयोग गर्ने छ ।

) सबैको लागि शिक्षा कार्यक्रम सञ्चालन गर्नेहरुलाई यस अध्ययनले धेरै-थोरै भएपनि उपर्युक्त नीती निर्माणका लागि आवश्यक सूचना उपलब्ध गराउन सहयोग गर्न सक्दछ ।

## १.४ अध्ययनका उद्देश्यहरु

प्रस्तुत शोध अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. मुसहर वाल-वालिकाहरुको भर्ना र उपस्थितीको अवस्था पत्ता लगाउने ।

२. वाल-वालिकाहरुले विद्यालयमा गरेको कक्षा क्रियाकलाप बारेमा विश्लेषण गर्ने ।

३. वाल-वालिकाहरुको विद्यालयमा सहभागिता न्यून हुनुको कारणहरु पहिचान गर्ने ।

४. वालवालिकाको विद्यालयमा सहभागिता वृद्धि गर्ने उपायहरु सुल्झाउने ।

## १.५ शोध प्रश्नहरु

मुसहर समुदायमा वाल-वालिकाहरुको विद्यालय पहुँचको बारेमा पत्ता लगाउन अभिभावक, शिक्षक, संघ-संस्था आदिबाट वाल-वालिकाको सम्बन्धमा शिक्षा सम्बन्धी धारणा वुझ्न र अध्ययन प्रतीवेदन तयार गर्न अनुसन्धानात्मक प्रश्नहरुको संगालोले ठूलो महत्व बोकेको हुन्छ । यस सन्दर्भमा निम्नानुसारको सोध प्रश्नहरु तयार परिएको छ ।

१. प्राथमिक उमेर समूहका मुसहर वाल-वालिकाको विद्यालय भर्ना र उपस्थितीको अवस्था कस्तो छ ?

२. लक्षित समूहका वाल-वालिकाको प्राथमिक शिक्षामा सहभागिता कसरी बढाउन सकिन्छ?

३. अभिभावकहरुले आफ्ना वाल-वालिकाहरुलाई विद्यालय पठाउने सन्दर्भमा कस्तो धारणा राख्दछ ?

४. के ? मुसहर समुदायका वाल-वालिकाहरुले अन्य वाल-वालिका सरह शिक्षामा समान अवसर पाएका छन् ?

५. अभिभावकहरुमा वालवालिकालाई विद्यालय पठाउनको उनीहरुको धारणामा कसरी वृद्धि गर्न सकिन्छ ?

६. वाल-वालिकाको विद्यालय उपस्थित वा नियमितता कस्तो छ ?

७. वाल-वालिकाको विद्यालय उपस्थितमा नियमितता ल्याउन के के गर्न सकिन्छ ?

८. स्थानीय गा.वि.स. र सरकारी तथा गैरसरकारी संस्थाहरुले मुसहर वाल-वालिकाहरुको शिक्षाको लागि सहयोग कसरी पुऱ्याएका छन् ?

## १.६ अध्ययनका परिसीमाहरु

स्रोत, साधन, समय तथा आर्थिक अभावका कारणले गर्दा यस शोधकार्यलाई निश्चित क्षेत्रमा सीमाङ्कन गरीएको छ, जुन अध्ययनको परिसीमाहरु यस प्रकार रहेका छन् ।

यस शोध-अध्ययनको क्षेत्र सर्लाही जिल्लाको जब्दी गा.वि.स. अन्तर्गत श्री शिशु कल्याण जनता उ.मा.वि.हरिभवन, करहिया, मनपुरन नि.मा.वि.भैरपुर, श्री ५  महेन्द्र प्राथमिक विद्यालय रंजितपुर, रहेका तथा उच्च मा.वि.को प्राथमिक तहमा मुसहर समुदायका वाल-वालिकामा केन्द्रित गरीएको छ ।

- यो अध्ययनलाई शैक्षिक अवस्थाभित्र पर्ने भर्ना संख्या, उपस्थित र बिचैमा कक्षा छोड्ने, दोहोऱ्याउने दरमा मात्र सीमित गरीएको छ ।
- यस अध्ययन सँग सम्बन्धीत३ वटा विद्यालयका प्र.अ., कक्षा शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिती लगायत कक्षा ४ र ५ मा पढ्ने ३/३ जना मुसहर वाल-वालिकामा सीमित रहेको थियो ।

## १.७ अध्ययनमा प्रयोग भएका शब्दहरुको अर्थ

यस अध्ययन अनुसन्धान कार्यमा उपयोग गरीएका कतीपय शब्दावलीको गलत अर्थ र व्याख्या नरहोस् भन्नका लागि निम्न शब्दावलीलाई यसरी परिभाषित गरीएको छ ।

- रा. शि.यो.आ. :- राष्ट्रिय शिक्षा योजना आयोग
- गा.वि.स. :- गाउँ विकास समिती
- उ.मा.वि. :- उच्च माध्यमिक विद्यालय
- प्र.अ. :- प्रधानाध्यापक
- आ.प्रा.सी.प. :- आधारभूत प्राथमिक शिक्षा परियोजना
- दलित जाती :- नेपाल सरकारले निर्दिष्ट गरेका जाती विशेष गरी लोहार, चमार, दुसाध, चमार,(मुसहर), मलाह, माझी आदि ।

## परिच्छेद : दुई

## सम्बन्धीत साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

### २.१ सम्बन्धीत साहित्यको पुनरावलोकन

नेपाल सानो देश भएता पनि यहाँ विभिन्न जातीहरुले वसोवास गर्दै आएको पाइन्छ। त्यसैले नेपाललाई वडा महाराजधिराज पृथ्वी नारायण शाहले “नेपाल चार जात छत्तीस वर्णको फुलवारी हो” पनि भन्नु भएको छ । यसरी सबै जातीको शैक्षिक, सामाजिक, सांस्कृतीक र आर्थिक अवस्थाको विकास समान रुपमा भएको पाइदैन् । यहाँका अविकसित रहेका र विभिन्न सामाजिक, साँस्कृतीक, आर्थिक र राजनीतीक रुपमा पिछडिएका जाती मध्ये तराई क्षेत्रमा छुट्टै गाउँ गठन गरी सामुहिक रुपमा वसोवास गर्दै आएका मुसहर जाती पनि एक हो । यसरी मुसहर जातीको शिक्षाको अवस्था बारेमा लेख, पुस्तक र रचनाहरुको बारेमा प्रशस्त पुस्तकहरु उपलब्ध छैनन् । केही लेख तथा विद्वानहरुको प्रकाशित पुस्तकहरुलाई आधार मानी यी अध्ययनसँग सम्बन्धीततथ्यहरुलाई निम्नानुसार विवेचना गरीएको छ ।

कोइराला (२०६४) ले कमैया थारुका छोरा-छोरीको शिक्षा लेखमा जनजाती तथा दलित जातीको प्रतीनिधित्व हुने सन्दर्भमा भन्नु भएको छ । वाल-वालिका अभिभावकतर्फ तथा शिक्षणतर्फ सीमान्तकृत समूहसँगको अनुभवले देखाउछ, यी आमा-वावुलाई छोरा-छोरीले स्कुलमा के सीक्छन भन्ने थाहा हुँदैन । नत उनीहरु यसको वास्ता नै गर्छन । शिक्षक र विद्यार्थीमा पनि यही कुरा लागु हुन्छ । शिक्षक र विद्यार्थीले पनि स्कुललाई घरसँग जोड्ने प्रयत्न गर्दैनन् । यी दुवै परिस्थितीमा घर र स्कुल को ज्ञानविच खाडल हुन्छ । अभिभावक तथा शिक्षक अभिमुखि कार्यक्रमले यो खाडल कम गर्न सक्छ । तर यी तर्फ प्रयास भएका छैनन् ।

घिमिरे (२०६४) का अनुसार आधुनिक शिक्षाको प्रकाशतर्फ दलित, जनजाती तथा लोपोन्मुख जातीको समाज अझै उन्मुख हुन सकेको देखिदैन । मुसहर जातीहरुमा गरीवी र बेरोजगारको कारण परिवारको पेट भर्ने समस्या समाधान गर्न कठिन हुने अवस्थामा पुस्तक, कापी-कलम किन्ने कसरी ? साथै कसरी शुल्क तीर्ने ? वाल-वालिकाहरुलाई कसरी स्कुल

पढाउने ? सुकिला कपडाको व्यवस्था कसरी गर्ने ? भन्ने प्रश्नहरु टढ्कारो देखिएकोले उच्च शिक्षा सम्म अध्ययन गर्ने विद्यार्थी कम भएको भनि आफ्नो पुस्तक चितवनका आदिवासी जनजातीको सामाजिक र सांस्कृतीक अध्ययन" मा उल्लेख गरेको पाइन्छ ।

शिक्षा विभाग (२०६४) का अनुसार सन् १९९० मा थाइलैण्डको जोमटिनमा भएको **"सबैको लागि शिक्षा"** नामक विश्व घोषणा पत्रले सन् २००० मा सेनेगलको डकारमा विश्व शिक्षा मञ्चले समीक्षा गर्दै सन् २०१५ सम्म सवै वाल-वालिकाहरुलाई प्राथमिक तह सम्म अनिवार्य तथा निशुल्क शिक्षा उपलब्ध गराउने प्रंतीबद्धता जाहेर गरे अनुसार नेपालले **"सवैको लागि शिक्षा "** को उद्देश्य हासील गर्न कार्य योजना (२००१-२०१५) बनाइ यसको मूल दस्तावेज कार्यक्रम (२००४-२००९) को रणनीती कार्यक्रम तयार गरी आ.व. ०६१/०६२ देखि कार्यान्वयन शुरु गरीसकेको छ । अझै पनि प्राथमिक उमेर समूहका करिव १२.६ प्रतीशत वाल-वालिकाहरु विद्यालय वाहिर छन् र तीनीहरुलाई विद्यालय भित्र ल्याउनु पर्ने दायित्व हामी सवैको हो ।

अधिकारी (२०६५) हाम्रो देशमा अझै पनि पछाडी परेका जतीहरुलाई ३ बर्गमा बाँडिएका छन् दलित, जनजाती र अन्य यसमा मुसहर जात लाई आधार मानि हाल दलित वर्गहरुमा चेतनाको अभाव, शिक्षाको क्रियाकलाप तथा मानवीय सम्बन्ध, आर्थिक अभाव, व्यवहारिक शिक्षाको अभाव आदि कारणले विद्यार्थीहरु बिचैमा विद्यालयको कक्षा छाड्ने गर्छन् । त्यसैले विभिन्न किसीमका छात्रवृती शिक्षकका सहयोगि र मायालु व्यवहार, रोजगारीको अवसर प्रदान जीवनोपयोगी शिक्षा तथा पाठ्यक्रम, विद्यालयको भौतीक अवस्था, आकर्षक पुरस्कार प्रदान, आदिले यी सामुदायका विद्यार्थीहरुको भर्ना दर बढाउन तथा विद्यार्थीमा नियमितता गराउन सकिन्छ भनि निष्कर्ष लिएका छन् ।

शर्मा ( २०६१) का अनुसार "**शिक्षाका आधारहरु"** भन्ने पुस्तकमा मार्क्सका विचारमा जुनसुकै समाजमा पनि प्रमुख रुपले दुई वर्गहरु रहेका हुन्छन् :- शोषक वर्ग र शोषित वर्ग, समाजका त्यो वर्ग जससँग उत्पादनका साधनहरु हुन्छन, त्यसलाई शोषक वर्ग र जससँग

शारिरीक श्रमवाहेक केही हुदैन त्यसलाई शोषित वर्ग भनिन्छ । मार्क्स भन्दछन् आजसम्म भएको समाजको इतीहास भनेको वर्ग संघर्षको इतीहास हो । स्वतन्त्र मानिस र दास, अभिजात वर्ग र सामान्य जनता ,सामन्त र किसान, संघ स्वामी र कामदार, एउटै शब्दमा भन्दा  शोषक र शोषित संधै एक अर्काका विरोधमा कहिले खुलेर र कहिले लुकेर निरन्तर युद्ध गरीरहेका हुन्छन् । यो नै समाजको द्वन्द्वात्मक सिद्धान्त हो । शर्मा (२०६१) ।

यसरी मार्क्सले समाजमा कसरी शोषक वर्गहरुले शोषित वर्गहरुलाई शोषण गरी ऐस-आराम गरीरहेका हुन्छन् भनि आफ्नो प्रशिद्ध पुस्तक "**दाश क्यापिटल**" मा अतीरिक्त मूल्यको सिद्धान्तको आधारमा theory of surplus value को व्याख्या गरेका छन् । कुनै पनि वस्तुको उत्पादनमा संलग्न भएका मजदुरहरुलाई (शोषितलाई ) पूँजीपती (शोषक) ले दिएको ज्याला र उत्पादित वस्तुको विनिमय मूल्यको बिचमा अन्तर रहेको हुन्छ, यसलाई अतीरिक्त मूल्य भनिन्छ । यहि अतीरिक्त मूल्यका कारण शोषक र शोषित वर्गका बिचमा सधै द्वन्द्वको स्थिती रहिरहेको हुन्छ (शर्मा २०६१) ।

वास्तवमा अझैपनि हाम्रो समाजमा कमारो प्रथा यथावत नै रहेको पाइन्छ अझ मुसहर जातीमा वावुको आर्थिक स्थिती कमजोरका कारण साहुसँग पैसा तथा धान लिने र त्यसको वदलामा आफ्नो नावालक वच्चाहरु जुन प्राथमिक शिक्षाको उमेरका छन् तिनीहरुलाई कमारोमा राख्ने प्रचलन छ र धेरै अवधिको लागि साहुले ती वच्चाहरुलाई कमारोको रुपमा राख्छन्, जसकारण वालवालिकाहरु विद्यालय जानबाट बन्चित भएका छन् । अन्याय र असमानताले ग्रसित वाल-वालिकाहरुलाई सामाजिक न्याय र उपयुक्त शिक्षाका लागि र द्वन्द्वात्मक स्थिती नआउन दिनको लागि यो सिद्धान्त र विचारहरु सहयोगी हुनेछन् । मुसहर जातीको विद्यार्थीहरुको शैक्षिक अवस्था पहिचान गर्न वा उल्लेखती उद्देश्यहरु पुरा गर्न पूर्व साहित्यको अध्ययनले उनीहरुको सामाजिक, साँस्कृतीक, आर्थिक पक्षहरु र लेखकहरुको निचोड अध्ययन गरी मुसहर जातीका वालवालिकहरुको शैक्षिक अवस्था सम्बन्धी अध्ययन गर्नलाई सघाउ पुग्नेछ । उपर्युक्त अध्ययनबाट मुसहर जातीका समस्याहरु, शिक्षा प्रतीका समस्याहरु, निरासाहरुलाई कम गरी सामाजिक, साँस्कृतीक र आर्थिक रुपान्तरण गर्न जरुरी छ ।

माथिका अध्ययनले मुसहर जातीका समुदायको शैक्षिक अवस्थामा विभिन्न तत्वहरु वेरोजगार, गरीब अभिभावकको चेतनाले प्रभाव परेको देखिएको छ । त्यसैले पिछडिएका जातीहरुको शैक्षिक विकास गर्न उनीहरुको वेरोजगार र आर्थिक विपन्नता तथा मनोवैज्ञानिक असक्षमता जस्ता पक्षहरु त्यागेर सम्पूर्ण दलित जाती र समुदायका नागरीकहरु राष्ट्रका लागि संगठित हुनु पर्ने देखिन्छ । देशभित्र वसोवास गर्ने विभिन्न जातीहरुमध्ये पनि विपन्न, दलित र उपेक्षित जातीहरुका सम्बन्धमा कम अध्ययन अनुसन्धानका कारण नेपाल सरकार, गैर-सरकारी संस्था, दातृ निकाय आदि क्षेत्रबाट समयमा नै ध्यान पुर्‍याउनु पर्ने देखिन्छ । साथै मुसहर जातीको आर्थिक समस्यालाई मध्य नजर गरी जीविकोपार्जनमूखि तालिम , शिक्षा दिलाउने कार्यक्रम र रोजगारमूलक शिक्षा सञ्चालन गरी उनीहरुको आर्थिक, सामाजिक र साँस्कृतीक रुपान्तरण गरी शैक्षिक अवस्थामा सुधार गर्न नितान्त आवश्यक छ ।

### २.२. अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि संघ सस्था, सरकारी, गैरसरकारी जुनसुकै संगठनमा काम गर्न मानवीय स्रोतको प्रंभावकारी सञ्चालन र उक्त संगठनले गर्ने कार्यबाट सफलता प्राप्त गर्न त्यहाँ कार्यरत कर्मचारी तथा प्रशासन तथा अन्य सम्बन्धीतपक्षबिच राम्रो व्यवस्थापन हुनु पर्दछ तोकिएको उद्देश्य पुरा गर्ने गरी सम्बन्धीतपक्षमा कार्य गर्ने गराउने केही मान्यता प्राप्त तरिका वा सिद्धान्तहरु छन् । ती सिद्धान्त मध्ये मानव सम्बन्धी सिद्धान्त सन् १९५० ताका प्रचलित सिद्धान्त हो । यी अगाडीका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्तको सुरुवात भएको हो । शास्त्रिय व्यवस्थापनले काम गर्ने ठाउँमा मेलमिलाप र उत्पादन कार्यकुसलतामा शन्देशप्रद सुधार ल्याउन नसकेकोले व्यवहारिक व्यवस्थापनमा नयाँ-नयाँ विचारहरु विकशित भएका हुन् । कुनै पनि संगठनमा कार्य गर्नेहरु विच राम्रो मानव सम्बन्ध नभएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरिय हुने कुराले धेरैमा हुन थाल्यो । यी सिद्धान्तलाई Interpersonal behaviour पनि भनिन्छ (कोइराला २०५९) ।

माथिको भनाइबाट मानव संसाधनको भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरा स्पष्ट भएकोले मुसहर समुदायका मानिसहरुसँग गई मानव सिद्धान्त अनुसार उनीहरुको शैक्षिक पहुँच र शैक्षिक व्यवस्थापनको सामान्य अवस्था पत्ता लगाइ समस्या सामाधानको खोजी गर्न यो खाका लाई आधार लिएको छ ।


अब्राह्म मास्लो ( १९४३ ) मानव सम्बन्ध सिद्धान्तकार हुन् । मानव सम्बन्ध सिद्धान्तले संगठन भित्र हुने विभिन्न व्यवहारलाई जोड दिएको छ । मानव सम्बन्ध भन्नाले मानिसलाई मानिस जस्तो व्यवहार गर्नुपर्दछ । मानिसलाई संगठनको वस्तु वा अन्यत्र कुनै सम्पती जस्तो रुपमा लिनु हुदैन् । समाजमा धेरै धनि र गरीब असाहाय वर्ग गरी २ वर्गमा विभाजित देखिन्छन् एक वर्गको सबै प्रारम्भिक आवाश्यक्ताहरु पुरा भएका हुन्छन् भने अर्को वर्गको मानिसहरु संधै निम्नतम् वा आधारभूत आवाश्यक्ता पुरा गर्न सधै लडिरहेको हुन्छ । यी परिप्रेक्ष्यमा असल व्यवस्थापकले मानव सम्बन्ध सिद्धान्तका आधारमा व्यवहार गर्नु पर्दछ ।

अब्राहम मास्लोले सन् १९४३ मा मानिसहरु आवाश्यक्ताका श्रृङ्खलाबाट अभिप्रेरित हुने कुरा उल्लेख गरे । सन्तुष्ट हुनका लागि मानिसले खोजिरहेको कुनै मनोवैज्ञानिक अभाव नै उसको आवाश्यक्ता हो र उक्त चाहना, आवश्यकतालाई पुरा गर्नका लागि मानिस उत्प्रेरित हुने गर्दछ । त्यही आवाश्यक्तालाई महसुस गरी **"अभिप्रेरणा सम्बन्धी सिद्धान्त"** लाई मास्लोले अगाडि सारे यहाँ मुसहर जातीको शैक्षिक अवस्था अध्ययनमा ती जातीका आवाश्यक्ता पुरा हुन नसक्दा शिक्षामा सधै पिछाडि परिरहेको सन्दर्भलाई मध्य नजर गरी यी सन्दर्भमा मानिसको अभिप्रेरणा सम्बन्धी सिद्धान्तको आधार मानि व्याख्या र विश्लेषण गरीएको छ ।

मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आवश्यकतामा आधारित सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्त अनुसार मानिसका आवाश्यकताहरु पुरा गर्न सधै क्रियाशिल हुन्छ । उसका प्रशस्त इच्छा र चाहानाहरु हुन्छन् त्यसको परिपुर्ती पश्चात पनि अन्य इच्छा, आवाश्यकता र चाहाना थप भइ रहन्छ । मानिसका सबै आवाश्यकता सधै पुरा गर्न सम्भव रहन सक्दैन जुन प्राप्ति गर्न मानिस क्रियाशिल भइरहन्छ । मानिसका आवाश्यकता अनगिन्ति

हुन्छन्, जसलाई एक निश्चित क्रमवद्धताको आधारमा श्रेणीकरण वा वर्गीकरण गर्न सकिन्छ । मानिस पहिला निम्न स्तरको आवाश्यकताको परिपूर्ती गर्न चाहन्छ तत्पश्चात प्राथमिकता क्रमको आधारमा उच्च स्तरका आवाश्यक्ता तथा चाहनाहरु परिपुर्तीका लागि मानिस उत्प्रेरित हुदै जान्छ भन्ने धारणा यस सिद्धान्तमा उल्लेख गरीएको छ । मास्लोले मानिसको आवाश्यक्तालाई श्रृखलावद्ध रुपमा निम्नानुसार प्रस्तुत गरेका छन् ।

## मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त




५. आत्मसन्तुष्टिको आवश्यकता

४. स्वाभिमानको आवश्यकता

३. सामाजिक आवश्यकता

२. सुरक्षात्मक आवश्यकता

१. शारीरिक आवश्यकता

**(स्रोत :- कोइराला र श्रेष्ठ, २०५९ )**

मास्लोको सिद्धान्त अनुसार यदि मुसहर जातीका वाल-वलिकाको शैक्षिक अवस्थाको खोजी गर्न र शिक्षामा पहुँचको वृद्धि गर्ने हो भने उनीहरुका प्रारम्भिक आवाश्यकताहरुका श्रृङ्खलाहरु पुरा गर्नु पर्दछ । हाल सम्म पनि उनीहरुमा शारीरिक आवश्यकता खाने, लाउने र वस्ने जस्ता अत्यन्तै आधारभूत कुराको पनि पुर्ती हुन सकेको छैन् । उनीहरु विद्यालय नगई खाना खोज्ने काम, ज्यालामजदुरी गर्ने, खेतको माटो काट्न ठेक्का लिने, माछा मार्ने जस्ता

कामहरु गर्न बाध्य छन् । उनीहरु विद्यालय गए खान पाउदैनन् नजाँदा सधै अशिक्षित, चेतनाशून्य र कमसल कामदार रहिरहन्छ, यस्तो अवस्थामा मैले मुसहर जातीको शैक्षिक अवस्था अध्ययन गर्न मास्लोको मानव सिद्धान्त र अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आधार बनाई अध्ययन अगाडि वढाएको छु । यसै सिद्धान्तबाट उनीहरुको माया, स्नेह, सम्मान, सत्कार जस्ता कार्य गर्न सकेमा यस अध्ययनमा राखिएका उद्देश्यहरु पुरा गर्न मद्दत मिल्ने छ भनी विश्वास लिएको छु ।

## २.३. शैक्षिक उपादेयता

प्राथमिक तहमा मुसहर वालवालिकाहरुको सहभागिता शीर्षकमा गरीएको अनुसन्धानले यससँग सम्बन्धीत विषयमा शोध अनुसन्धान गर्ने अन्य सोधकर्ताको लागि वलियो आधार स्रोत बन्ने देखिन्छ, भने मुसहर समुदायका उत्थानका लागि विभिन्न खोज अनुसन्धान गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको लागि पनि सन्दर्भ सामग्रीको भूमिका निर्वाह गर्ने छ भन्ने मुसहर वाल-वलिकाहरुको अध्ययन गर्ने, गराउने विद्यालयलाई पनि उनीहरुको पहिचान गरी ती वर्गहरुको शैक्षिक सामाजिक उत्थान कसरी गर्न सकिन्छ भन्नका लागि यो शोध कार्य सहयोगी हुने छ । अर्थात् यसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

प्राथमिक तहमा मुसहर समुदायका वाल-वलिकाको सहभागिता सम्बन्धी विविध पक्षलाई लेखाजोखा गर्न यो अध्ययन सुरु गरीएको हो । शोध कार्यलाई व्यवस्थित रुपले सञ्चालन गर्न प्राथमिक स्रोतका तथ्यहरुको आधारमा शोध कार्य चालिएको छ । शोधपत्रको विषय वस्तु मुसहर वाल-वलिकाहरुसँग सम्बन्धीतभएकोले यस विषयसँग सुहाउँदो अनुसन्धान विधिको अनुसरण गरीएको छ । शोधकार्यमा निम्न प्रविधिहरुको प्रयोग भएको छ । यसमा प्रयोग भएको तथ्याङ्क सुचनाहरु सम्बन्धीत विद्यालय, विद्यालय व्यवस्थापन समिती, समुदाय, अभिभावक, शिक्षक, सम्बन्धीत वालवालिका तथा गैर-सरकारी संस्था, सम्बन्धीत व्यक्तिसँग र सम्बन्धीत अनुसन्धान प्रतीवेदनबाट संकलन गरी विश्लेषण गरीएको छ । यस अध्ययनका लागि चाहिने तथ्याङ्क संकलन गर्न विद्यालय सर्वेक्षण र सम्बन्धीत सरोकारवालाहरुसँग अन्तरवार्ता लिइएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन अनुसन्धान गुणात्मक प्रकृतीको हो । जसमा प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरी उद्देश्य प्राप्त गर्ने कार्य गरीएको छ ।

## ३.२ जनसंख्या

अध्ययन कार्यलाई निष्कर्षमा पुऱ्याउन अध्ययनले समेट्ने सबै क्षेत्रको सबै तथ्याङ्क प्राप्त गर्न कठिन हुने हुनाले तथ्याङ्कलाई सहज बनाउन उक्त अध्ययन क्षेत्रमा नमुना छनौट गरी तथ्याङ्क सङकलन गरीएको छ । यस अध्ययनमा सर्लाही जिल्लामा छानिएका प्रा.वि.तहमा कार्यरत ३ वटै विद्यालयका प्र.अ.र कक्षा शिक्षकहरुलाई अध्ययनमा समावेश गरीएको थियो । शिक्षक क्रियाकलापमा संलग्नता सम्वन्धमा मुसहर समुदाय र अन्य समुदायका विद्यार्थी बिच देखिने समानता र भिन्नताहरु थाहा पाउन मुसहर विद्यार्थीहरुलाई सीकाइमा उत्प्रेरित गर्नका लागि शिक्षकको भूमिका मुसहर वाल-वालिकाहरुको शैक्षिक समस्या जस्ता पक्षहरुबारे सोधपुछ गरीएको थियो ।

## ३.३ नमुना छनौट

यो अध्ययन गुणात्मक र संख्यात्मक दुबै भएकोले नमुना छनौट गर्नका लागि सामान्य संभावनायुक्त नमुना छनौट विधि र उद्देश्यपूर्ण नमुना छनौट विधिको अधारमा नमुना छनौट गरीएको हो । जसमा प्राथमिक तथ्याङ्कहरु संकलन गर्न सम्बन्धीतविद्यालयका प्र.अ., शिक्षकसँग प्रश्नावली अनुसूची -१, मुसहर विद्यार्थीको कक्षामा सहभागिता हेर्न तयार पारिएको अनुसूची-२ मुसहर समाजका सामाजिक कार्यकर्तासँग प्रश्नावली अनुसूची-४, विद्यालय अवलोकन फारम अनुसूची-५ र विद्यार्थीहरु प्रश्नावली अनुसूची-७ का आधारमा संकलन गरीने छ । भने अन्य आवश्यक तथ्याङ्क द्धितीय तथ्याङ्कहरु जस्तै गा.वि.स. कार्यालय र सम्बन्धीत विद्यालय ( श्री.शि.क.ज.उ.मा.वि.) को फारम (flash i,Flash ii / SIP) जस्ता दस्तावेजको प्रयोग गरीएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

अध्ययनलाई पूर्ण गर्न आवश्यक तथ्याङ्कहरु संकलन गर्न प्राथमिक तथ्याङ्क र द्धितीय तथ्याङ्कहरु प्रयोग गरीने छ । प्राथमिक तथ्याङ्कहरु अन्तरवार्ता, प्रश्नावली अनुसूची १,२,३ र ४ का आधारहरु बाट तथ्याङ्क संकलन गरीने छ त्यस्तै द्धितीय तथ्याङ्कहरु गा.वि.स. जब्दी कार्यालय र विद्यालय अभिलेखहरुबाट लिइएको छ ।

## ३.५ अध्ययन साधनको छनौट र परीक्षण

यस अध्ययनमा निम्न साधनहरुको प्रयोग गरीएको छ

### अन्तर्वार्ता

मुसहर जातीको वाल-वालिकाहरुको शैक्षिक अवस्था पत्ता लगाउन मुसहर अभिभावकको आफ्ना वाल-वालिकाको शिक्षा प्रतीको धारणा पत्ता लगाउन र उनीहरुका वाल-वालिकाहरु किन बिचैमा विद्यालय छाड्छन ? कारण जान्न मुसहर वाल-वालिकाहरुका छनौट गरीएको तसी घरका अभिभावकहरुसँग अनुसूची २ अनुसारका प्रश्नहरुका आधारमा अन्तरवार्ता लिइने छ ।

**दस्तावेज अध्ययन**

मुसहर जातीका वाल-वालिकाहरुका शैक्षिक अवस्था पत्ता लगाउन विद्यालयका शैक्षिक शूचाङ्क सम्बन्धी फारम flash i / flash ii अध्ययन गरीएको छ । जसबाट मुसहर विद्यार्थीहरुको विद्यालय प्रवेश, कक्षा चढ्ने, छाड्ने र दोहोऱ्याउने विद्यार्थीहरुको अवस्था पत्ता लगाइने छ ।

**प्रश्नावली**

मुसहर विद्यार्थीहरुले बिचैमा विद्यालय छाड्ने अवस्था र कारणको खोजी गर्न मुसहर विद्यार्थीहरुलाई विद्यालय शिक्षा प्रती सहभागि वढाउने उपायहरुको खोजी गर्न छनौटका १२ जना विद्यार्थीहरुसँग अनुसूची -३ अनुसारको प्रश्नावली गरीने छ । छनौटका ३ जना प्र.अ.हरु र १२ जना शिक्षक शिक्षिकाहरुसँगको अनुसूची १ अनुसार का प्रश्नावली गरीने छ । त्यस्तै छनौट गरीएका मुसहर समुदायका सामाजिक कार्यकर्ताहरु -३ जनासँग अनुसूची -४ अनुसारको प्रश्नावली गरीने छ ।

४. विद्यार्थीहरु विद्यालय छड्नका कारण पत्ता लगाउन सहयोग पुऱ्याउन विद्यालय अवलोकन फारमलाई प्रयोग गरीएको छ ।

यस अध्ययनको उद्देश्य पुरा गर्न अनुसन्धानमा प्रयोग गरीएका साधनहरु अनुकुल छन् वा छैनन् परीक्षण गर्नका लागि शोध निर्देशकसँग छलफल गरी आवश्यक संसोधनको साथ परिमार्जन गरीएको छ । यसरी यस अध्ययनका लागि प्रयोग गरीएका साधनहरुको परीक्षण गरीएको छ ।

**३.६ तथ्याङ्क संकलन प्रक्रिया**

मुसहर जातीका विद्यार्थीहरुको शैक्षिक अवस्था अध्ययन गर्न प्राथमिक र द्धितीय गरी दुई प्रकारका तथ्याङ्कको उपयोग गरीएको छ ।

### क. प्राथमिक तथ्याङ्क

मुसहर जातीका विद्यार्थीको  शैक्षिक अवस्था अध्ययन गर्न जब्दी गा.वि.स. का १ उच्च मा.वि. १ नि.मा.वि. र १ प्रा.वि. गरी जम्मा ३ विद्यालयका प्र.अ. तथा शिक्षक-शिक्षिका विद्यार्थी र अभिभावकको विचार संकलन गर्न उनीहरुसँग प्रत्यक्ष भेटघाटका आधारमा प्रश्नावली भराई प्राथमिक तथ्याङ्क संकलन गरीएको छ । जसमा प्र.अ. १ जनाका दरले ३ जना शिक्षक शिक्षिका ४ जनाको दरले १२ जना विद्यार्थी ४ जनाको दरले १२ जना र मुसहर अत्याधिक बसोबास रहेको जब्दी गा.वि.स. वाड नं.१, ६ र ९ का ३० घरपरिवारका अभिभावकसँग प्रश्नावली भराइएको छ भने अन्य मुसहर समुदायका सामाजिक कार्यकर्ता ३ जना व्यक्तिहरुसँग छलफल गरी तथ्याङ्क संकलन गरीएको छ ।

### ख. द्वितीय स्रोतहरु

अध्ययनलाई उद्देश्यपूर्ण बनाउन मुसहर जातीका बारेमा लेखिएका सोधपत्रहरु लेखकहरुको अध्ययनबाट लिइएको तथ्यहरु द्वितीय स्रोतहरु अन्तर्गत रहेका छन जि.वि.स.बाट प्राप्त तथ्याङ्कहरु, गा.वि.स बाट प्राप्त तथ्याङ्कहरु र विद्यालयबाट प्राप्त तथ्याङ्कहरुको अध्ययन गरी आवश्यक तथ्याङ्कहरु लिइएको छ ।

### ३.७ तथ्याङ्कहरुको व्याख्या र विश्लेषण

विद्यालय सामुदाय अदिबाट संकलन गरीएका तथ्यहरुलाइ स्पष्टसँग बिश्लेषण र ब्याख्या गर्न सजिलो बनाउनका लागी तथ्याङ्कहरुको तालिकिकरण रेखा चित्र चार्टको प्रयोग गरी तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण गरीएको छ ।

## परिच्छेद : चार

## तथ्याङ्क, विश्लेषण तथा व्याख्या

नेपालको सन्दर्भमा कक्षा (१-५) सम्मको शिक्षा दिने विद्यालयलाई प्राथमिक विद्यालय र प्राथमिक विद्यालय जाने (५-९) बर्ष उमेरका बालबालिकाहरुलाई प्राथमिक उमेर समूहका बालबालिका भनिन्छ (नेपाल-२०६१) ।

School Leval Statistics of Nepal 2007 को तथ्याङ्क अनुसार नेपालको प्राथमिक तहमा सहजै देखिने भर्नादर १२४.७% रहेको छ । यसरी प्राथमिक तहमा कूल विद्यार्थी मध्ये पिछडिएका बालबालिकाहरुको भर्ना प्रतीशतमा १५% रहेको छ । यसै गरी अझै पनि १२.६% बालबालिकाहरु प्राथमिक शिक्षा पाउनबाट बन्चित भएको पाइन्छ । यस अध्ययनमा प्राथमिक शिक्षामा मुसहर बालबालिकाहरुको सहभागिता के-कति छ भर्ना र विद्यालय उपस्थितीको अवस्था मा मुसहर बालबालिकाको शैक्षिक क्रियाकलाप र सहभागिता सम्बन्धी देखापरेका समस्याको पहिचान र ती समस्याको सामाधानका सुझाव पेश गर्ने, शोधपत्र अगाडि बढाउन पूर्णता दिने सहयोग पुऱ्याउने, विद्यालयसँग सम्बन्धी व्यक्तित्व प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारी, विद्यार्थी, अभिभावकहरुबाट प्रश्नावली, अन्तरवार्ता, सर्वेक्षण तथा व्यख्या गरीएको छ ।

### ४.१ छनौट गरीएका विद्यालयको जातीगत विवरण

जब्दी गा.वि.स. अन्तर्गत रहेका श्री शिशु कल्याण जनता उ.मा.वि. हरिभवन, करहीया, श्री मनपुरन नि.मा.वि. भैरवपुर-१, श्री महेन्द्र प्रा.वि. रंजितपुरमा रहेका तीन वटा विद्यालयमा विभिन्न समुदायका बालबालिकाको प्रा.वि. तहमा भर्ना र उपस्थितीको अवस्थालाई तपशिल बमोजिम विश्लेषण गरीएको छ ।

तालिका नं.२

जातीगत विवरण २०६७

| भर्ना संख्या | | | | | उपस्थित संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा/ जात | बाहुन | क्षेत्री | मुसहर | अन्य | जम्मा | बाहुन | क्षेत्री | मुसहर | अन्य |
| १ | ६० | ८१ | ४० | ६५ | २४६ | ५४ | ७५ | २५ | ५५ |
| २ | ५९ | ९० | ४१ | ६० | २५० | ५१ | ७८ | ३० | ५४ |
| ३ | ६१ | ८५ | २४ | ५२ | २४२ | ५५ | ७३ | १८ | ४५ |
| ४ | ५२ | ६४ | ३५ | ४८ | १९९ | ४५ | ६० | २७ | ३९ |
| ५ | ६० | ७२ | २८ | ३७ | १९७ | ५२ | ६४ | २१ | ३२ |
| जम्मा | २९२ | ३९२ | १६८ | २६२ | ११३४ | २५७ | ३५० | १११ | २२५ |
| प्रतीशत | २६.२१% | ३५.१८% | १५.०८% | २३.१५% | | २४.५२% | ३३.३९% | १०.५९% | २१.४९% |

**विद्यालय स्रोत फारम-२०६७,**

* कोष्ठमा दिएको संख्याले भर्ना र उपस्थित प्रतीशतलाई जनाउँदछ ।

जब्दी गा.वि.स.मा रहेको तीनवटा विद्यालयको प्राथमिक तहको तथ्याङ्क हेर्दा विद्यालयमा भर्ना हुने कक्षा (१-५) सम्म बालबालिका सबै कक्षामा जातीगत रुपले मुसहर बालबालिकाको भर्ना संख्या र दैनिक रुपमा उपस्थित विद्यार्थी संख्या कम अर्थात १५.०८% भर्ना संख्या र १०.५९% उपस्थित संख्या देखियो । जुन दर अन्य जाती भन्दा कम देखिन्छ । यसरी जातीगत रुपमा बाहुन, क्षेत्री, मुसहर र अन्य समुदायका विद्यार्थीको २०६७ सालको तथ्याङ्क अनुसार विगत प्राथमिक तहमा भएका जम्मा भर्ना विद्यार्थी संख्या र प्रतीशत र ती विद्यालयमा भर्ना भएका विद्यार्थी मध्ये दैनिक रुपमा विद्यालयमा उपस्थित हुने विद्यार्थी संख्यामा तुलनात्मक रुपले विश्लेषण गर्दा मुसहर समुदायका बालबालिकाका स्थिती न्यून देखिन्छ । किन यस्तो अवस्था रह्यो त भन्ने पत्तालगाउन स्थलगत अध्ययन गर्दा अज्ञानता, अशिक्षा, परम्परागत रुढीवादी आदि कारणहरुले हो, भन्ने जवाफ आएको थियो ।

तालिका नं. ३

२०६८ सालको विद्यार्थी विवरण

| भर्ना संख्या | | | | | उपस्थित संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा/जात | बाहुन | क्षेत्री | मुसहर | अन्य | बाहुन | क्षेत्री | मुसहर | अन्य |
| १ | ६६ | ६८ | ३४ | ६२ | ५९ | ६१ | २६ | ५८ |
| २ | ५८ | ६० | ४३ | ५४ | ५४ | ५४ | ३५ | ५० |
| ३ | ६० | ५५ | ४६ | ७० | ५२ | ४९ | ४० | ६१ |
| ४ | ५४ | ६१ | ४० | ५१ | ५० | ५८ | ३५ | ४७ |
| ५ | ४६ | ५२ | ३८ | ४२ | ४३ | ४६ | ३२ | ३६ |
| जम्मा | २८४ | ३९६ | २०२ | २७९ | २५८ | २३८ | १६९ | २५२ |
| प्रतीशत | २०.६६% | २६.८९% | १९.०३% | २६.२९% | २६.२४% | २८.२३% | १८.९०% | २६.६१% |

**स्रोत-विद्यालय सर्वेक्षण फारम २०६८**

मथिको तालिकालाई विश्लेषण गर्दा बाहुन, क्षेत्री, अन्य जातीको तुलनामा पनि मुसहर बालबालिकाको सहभागिताका स्थितीलाई हेर्दा तुलनात्मक रुपमा कम भर्ना संख्या (१९.०३%) र उपस्थित (१८.९०%) दर देखिन्छ । जुन भर्ना संख्या र उपस्थित दर अरु जातीको भन्दा कम रहेको छ ।

यस्तो नतीजा आउनुको मूख्य कारण पनि बढी जसो मुसहर समुदाय अझै परम्परागत रहेका आफ्नो जीविकोपार्जनको लागि ज्यालादारी गर्ने, अर्काको घरमा कमारो भइ काम गर्ने गरेकाले पनि अरु समुदाय भन्दा कम उपस्थिती रहेको देखियो ।

### तालिका नं. ४
### २०६९ सालको विद्यार्थी विवरण

| भर्ना विद्यार्थी संख्या | | | | | उपस्थित संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा/जात | बाहुन | क्षेत्री | मुसहर | अन्य | बाहुन | क्षेत्री | मुसहर | अन्य |
| १ | ७२ | ८१ | ४५ | ५४ | ६६ | ७४ | ४१ | ५० |
| २ | ८० | ७७ | ३५ | ५१ | ७४ | ६९ | ३० | ४८ |
| ३ | ७६ | ७१ | ४१ | ४३ | ७१ | ६३ | ३९ | ३९ |
| ४ | ६६ | ६८ | ४६ | ४९ | ६२ | ६१ | ४१ | ४२ |
| ५ | ७० | ७५ | ४४ | ४९ | ६६ | ७० | ३९ | ४३ |
| जम्मा | ३६४ | ३७२ | २११ | २४६ | ३३९ | ३३६ | १९० | २२२ |
| प्रतीशत | ३१.९८% | ३२.६८% | १८.५४ | २१.६१% | ३१.१५% | ३०.९०% | १७.४६% | २०.४०% |

**स्रोत-विद्यार्थीको भर्ना तथ्याङ्क फारम २०६९**

माथिको तालिका हेर्दा कक्षा (१-५) सम्मको विद्यार्थी भर्ना र दैनिक उपस्थित संख्या हेर्दा २०६७ मा पनि बाहुन, क्षेत्री, अन्य समुदाय भन्दा मुसहर बालबालिका भर्ना र दैनिक उपस्थित दर पनि तुलनात्मक रुपले कम देखिन्छ । अर्थात १८.५४% विद्यार्थी भर्ना संख्या १७.४६ % दैनिक उपस्थित दर छ ।

माथि उल्लिखी तालिका नं. २, ३ र ४ मा जब्दी गा.वि.स. मा अवस्थित हरिपुर स्रोत केन्द्रमा पर्ने तीनवटा विद्यालयहरुको प्राथमिक तहको विद्यार्थीहरुको जातीगत विवरण लिएको थियो, जसमा जातीगत रुपमा ती विद्यालयमा भर्नाको अवस्था र उपस्थितीलाई अध्ययन गर्ने प्रयास गरीएको थियो, जसमा सबै विद्यालयको विद्यार्थीको जातीगत रुपमा विवरण लिंदा बाहुन समुदाय र क्षेत्रीको भर्ना स्थिती र विद्यालयमा नियमित रुपमा उपस्थित दर सबै भन्दा उच्च

देखियो भने ती विद्यालय क्षेत्रमा मुसहर समुदायको बस्ती रहेतापनी ०.६७-०६९ सालको भर्ना र उपस्थितीको अवस्था बुझ्दा ०६७ सालमा भर्ना दर बाहुन, क्षेत्री, मुसहर र अन्य समुदायमा क्रमशः २६.५१%, ३५.१८%, १५.०८% र २३.५१% भर्ना भएको विद्यार्थी मध्ये बार्षिक रुपमा क्रमशः २४.५२%, ३३.३९%, १०.५९ % र २१.४६% रहेको छ ।

यसरी २०६७ सालको तथ्याङ्क हेर्दा सबभन्दा बढी प्राथमिक तहमा भर्ना र उपस्थिती हेर्दा क्षेत्रीको बढी छ भने मुसहर समुदायको सबभन्दा घटी देखिन्छ । यसै प्रकार ०६८-०६९ को विद्यार्थी विवरणलाई अध्ययन गर्दा २०६८ सालमा भर्ना अवस्था क्रमशः२६.७३%, २७.८६%, १९.०३%, २६.२९% र बार्षिक उपस्थिती दर क्रमशः २७.२४%, २८.२९%, १८.०९% र २६.६१% रहेको छ जुन तथ्याङ्कमा पनि मुसहर समुदायको बालबालिकाहरुको भर्ना र उपस्थिती दर अरुको भन्दा कम देखिन्छ ।

यसरी माथिका बर्ष ०६७-०६९ को विद्यालयहरुको तथ्याङ्क विश्लेषण गर्दा सबभन्दा बढी क्षेत्री, बाहुन र अन्यको र सबभन्दा कम मुसहर बालबालिकाको विद्यालय भर्ना र उपस्थितीदर अरुको भन्दा कम देखिन्छ ।

यसै बिषयमा किन मुसहर बालबालिकाको भर्ना दर, उपस्थिती दर न्यून रहेको होला त? भन्ने कुरा पत्ता लगाउन विद्यालयका प्र.अ., अभिभावक, शिक्षक सम्बन्धीतविद्यालयको अभिभावक विद्यार्थीलाई प्रश्नावली र अन्तरवार्ताको माध्यमबाट सोध्दा यस्तो प्रतीक्रिया आएको थियो ।

- अभिभावक मुसहर बालबालिकाको पढाईप्रती जिम्मेवार नभइ दिनाले ।
- घर परिवार अशिक्षित भइ दिनाले ।
- विद्यालयमा मुसहर बालबालिकाले बोल्ने गरेको मातृ भाषाको रुपमा पढाई नहुँदा भाषागत समस्याको कारणले ।
- आर्थिक अवस्था कमजोर भएकोले ।

- कक्षा-कोठामा अरु विद्यार्थीले हेप्ने हुँदा ।
- जाँड, रक्सीमा बढी जोड दिने र खर्च गर्ने पढाइ-लेखाइमा महत्व नदिनाले ।

यी कारणहरुले गर्दा अरु समुदायको तुलनादरमा मुसहर बालबालिकाको कक्षा सहभागितामा कमी आएको हुन सक्छ तसर्थ कक्षा सहभागिता बढाउन तपसिल बमोजिमका कार्यक्रम र सुझावहरु दिन सकिन्छ ।

- मुसहर समुदायका बालबालिका आमा-बाबुलाई साक्षरता बनाउनु पर्छ ।
- मुसहर बालबालिकाहरुले बोल्ने उनीहरुको मातृ भाषा लाई विद्यालयमा पनि सोही भाषामा प्राथमिक शिक्षाको व्यवस्था गरीनु पर्दछ ।
- मुसहर समुदायको आर्थिक उत्थान हुने किसीमका प्याकेज कार्यकम ल्याउनु पर्दछ ।
- मुसहर भाषिक शिक्षक र पाठ्य पुस्तकको व्यवस्था गरीनु पर्ने ।
- राज्यका विभिन्न निकायमा मुसहर जातीको आरक्षणको व्यवस्था गरीनु पर्ने ।

## ४.२. मुसहर जाती तथा गैर-मुसहर विद्यार्थीहरुको कक्षा-कोठा क्रियाकलापमा सहभागिता

शिक्षाले विद्यार्थीलाई सैद्धान्तिक ज्ञान आर्जन गर्नुको साथ-साथै व्यवहारिक ज्ञान प्रदान गरी परिश्रम, अनुशासति र लगनशिल बनाउनु पर्दछ । अध्ययन क्षेत्रका मुसहर तथा गैर-मुसहर विद्यार्थीहरुको कक्षा-कोठा क्रियाकलापमा कस्तो सहभागिता छ भन्ने कुराको जानकारी लिन अवलोकन द्वारा रुजु सूचीको प्रयोग गरीएको थियो । अवलोकन कार्य ३ वटा विद्यालयको जम्मा ९ वटा कक्षा-कोठाको क्रियाकलापलाई आधार मानिएको थियो ।

**तालिका नं. ५**

मुसहर जाती तथा गैर मुसहर विद्यार्थीहरुको कक्षा-कोठा अवलोकलको कममा उपस्थित संख्या विवरण

| विवरण | मुसहर विद्यार्थी | गैर-मुसहर विद्यार्थी | जम्मा संख्या |
|---|---|---|---|
| **जम्मा विद्यार्थी संख्यम** | ९१ | १४८ | २३९ |
| **अवलोकन गरीएको दिनको विद्यार्थी संख्या** | ६६(७२.५%) | १३०(८७.८%) | १९६(८२%) |

**स्रोत - २०६७ सालको विद्यालय सर्वेक्षण फारम, २०६९**

मथिको तालिकाबाट हेर्दा अवलोकन गरीएको जम्मा ९ वटा कक्षा-कोठामा मुसहर तथा गैर- मुसहर विद्यार्थी संख्या २३९ देखिए तापनि अवलोकन गरीएको दिनमा ८२% विद्यार्थीहरु मात्र उपस्थित रहेको थियो । मुसहर विद्यार्थीहरुमध्ये अवलोकन गरीएको दिनमा ७२.५% विद्यार्थीको उपस्थिती पाइयो भने गैर मुसहर विद्यार्थी मध्ये ८७.८% विद्यार्थीहरुको उपस्थिती रहेको पाइयो । यसबाट यो प्रष्ट हुन्छ कि मुसहर विद्यार्थीहरुको तुलनामा गैर-मुसहर विद्यार्थीहरु बढी मात्रामा विद्यालय जाने गर्दछन् ।

माथि उल्लेखित कक्षा अवलोकनको क्रम्मा उपस्थित भएका मुसहर तथा गैर-मुसहर विद्यार्थीहरुको कक्षा-कोठा क्रियाकलापमा सहभागिता सम्बन्धमा अवलोकन गर्दा पाइएका विवरणहरु निम्न अनुसार रहेका छन् ।

**(क)** गैर-मुसहर विद्यार्थीको तुलनामा मुसहर विद्यार्थीको विद्यालयमा उपस्थित कम देखियो । (तालिका नं.५ हेर्दा) यस प्रकार मुसहर विद्यार्थीले पढाइ प्रती कम ध्यान दिएको देखियो । गैर-मुसहर विद्यार्थी पढाइ प्रती रुचि राखेको पाइयो ।

**(ख)** मुसहर विद्यार्थीले कक्षा-कोठा छलफलमा सक्रिय सहभागी हुने, प्रश्न सोध्ने कार्य र शिक्षकले सोधेका प्रश्नहरुको उत्तर दिने गरेको पाइएन । तुलनात्मक रुपले गैर-मुसहर विद्यार्थीहरु भने कक्षा-कोठामा हुने क्रियाकलाप, छलफल, प्रश्न सोध्ने र सोधिएका प्रश्नहरुको उत्तर दिने कार्यमा सक्रियताको साथ भाग लिएको कुरा अवलोकनको क्रम्मा थाहा पाइयो ।

**(ग)** अवलोकनको क्रम्मा मुसहर विद्यार्थीहरु तर्फ १५.५३% ले र गैर-मुसहर तर्फ ८३.३७% ले गृहकार्य तयार गरेको पाइयो । यसरी नै १८.२१% मुसहर र ६८.३२% गैर-मुसहर विद्यार्थीहरुले कक्षाकार्य गरेको पाइयो । यसरी गृहकार्य र कक्षाकार्य नगर्ने मुसहर विद्यार्थीहरुसँग छलफल गर्दा घरमा फुर्सद नभएर, नजानेर, थाहै नपाएर तथा रात्रीको समयमा घरमा बत्तीको व्यवस्था नभएर जस्ता प्रतीक्रिया पाइयो ।

(**घ**) मुसहर विद्यार्थीहरुले आफ्नो सर-सफाईमा खासै ध्यान दिइएको पाइएन । लामा-लामा नङ, कपाल पाल्ने, मैला कपडा जस्ता दृष्यहरु अवलोकनको क्रम्मा देखियो । विद्यार्थी अवलोकन पछि शिक्षकहरुसँग छलफल गर्दा आमा-बाबु र परिवारमा सर-सफाइ सम्बन्धी चेतना र ज्ञान नभएको र घरको वातावरण नै सर-सफाइ प्रती वेवास्तागर्ने किसीमको जस्तो साँघुरो, घरगोठ सँगै, जाँडरक्सिका अधिक प्रयोग र काम गर्दा फूर्सद नमिल्ने जस्ता प्रतीक्रिया पाइयो भने अन्य समुदायमा चेतना र सामाजिक प्रभावले गर्दा छोरा-छोरीहरुलाई सर-सफाई प्रती विशेष ध्यान नपुर्याएको पाइयो ।

(**ङ**) कक्षा-कोठा अवलोकनको क्रम्मा लगभग २०% विद्यार्थी विद्यालयमा कपी, कलम बिना आउने र विद्यालय समयमा नआउने गरेको पाइयो । यस बारेमा विद्यालय शिक्षकहरुसँग छलफल गर्दा गरीबीको कारणले गर्दा समयमा कापि, कलम, विद्यालयको पोशाक किन्न अभिभावकहरुले नसक्ने परिश्रम गरेको पैसाले पेट पाल्न नपुग्ने साथै ठिक समयमा अभिभावकले खाना र लुगा व्यवस्था नगरीदिँदा विद्यालयमा ढिलो आउने गरेको भन्ने प्रतीक्रिया पाइयो ।

### ४.३. नमुनामा परेका विद्यालयहरुमा मुसहर विद्यार्थीको कक्षा दोहोर्‍याउने अवस्था

नमुनामा परेका तीन वटा विद्यालयको प्राथमिक तहका विद्यार्थी भर्नाका अधारमा मुसहर विद्यार्थीहरुको कक्षा दोहर्‍याउने विवरण तालिका नं. ६ देखाइएको छ ।

तालिका ६

मुसहर विद्यार्थीहरुको कक्षा दोहोर्‍याउने विवरण

| विद्यालयको नाम | जम्मा मुसहर विद्यार्थी संख्या | | | जम्मा कक्षा दोहोर्‍याउने संख्या | | |
|---|---|---|---|---|---|---|
| | भर्ना जम्मा | केटा | केटी | केटा | केटी | जम्मा |
| श्री शिशु क. ज. मा. वि. हरिभवन, करहिया | ६० | ४१ | १९ | ४ (९.७५%) | ५ (२६.३१%) | ९ (१५%) |
| श्री ५ महेन्द्र प्रा.वि. रंजितपुर | ५७ | ३४ | २३ | ४ (११.७७%) | ६ (२६.०८%) | १० (१७.५४%) |
| श्री मनपुरन नि.मा.वि. भैरवपुर | ५१ | ३० | २१ | ९ (३१.१०%) | ७ (३३.३३%) | १६ (३१.३७%) |
| **जम्मा संख्या(%)** | **१६८** | **१०५** | **६३** | **१७ (२६.१९%)** | **१७ (२६.१९%)** | **३५ (२०.८३%)** |

**स्रोत : विद्यालय सर्वेक्षण फारम २०६९,**

तालिकामा सबै भन्दा बढी कक्षा दोहोर्‍याउनेमा सबभन्दा बढी श्री मनपुरन नि.मा.वि. मा ३१.३७% रहेको देखियो भने सबभन्दा कम श्री शिशु कल्याण जनता उ.मा.वि.मा रहेको छ । हरिपुर स्रोत केन्द्रमा रहेका जम्मा ३ वटा विद्यालयको अध्ययन गर्दा मुसहरका जम्मा २०.८३% बालबालिकाले कक्षा दोहर्याउछन् ।

## ४.४. मुसहर विद्यार्थी र अन्य (बाहुन, क्षेत्री) विद्यार्थीको प्राथमिक तहमा उत्तीर्ण र अनुत्तीर्ण संख्या

छनौट नमुनामा परेका विद्यालयहरुको २०६७-०६९ सालको मुसहर र अन्य विद्यार्थीहरुको जम्मा भर्ना उत्तीर्ण र अनुत्तीर्ण विद्यार्थीको जोड विवरणलाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका - ७**

| **क.सं.** | **विद्यालयको नाम** | **मुसहर विद्यार्थी उत्तीर्ण संख्या** | **मुसहर विद्यार्थी अनुत्तीर्ण संख्या** | **जम्मा मुसहर संख्या** | **जम्मा बाहुन,क्षेत्री र अन्य उत्तीर्ण** | **जम्मा बाहुन,क्षेत्री र अन्य अनुत्तीर्ण** |
|---|---|---|---|---|---|---|
| १. | श्री मनपुरन नि.मा.वि. भैरवपुर | ११६ | ४९ | १६५ | ७८० | ४१ |
| २. | श्री ५ महेन्द्र प्रा.वि. रंजितपुर | २०३ | ९२ | २९५ | ११८४ | ४० |
| ३. | श्री शिशु क. ज. उ.मा.वि. हरिभवन,करर्हया | ९७ | २४ | १२१ | ६९७ | ४५ |
| | | ४१६ (७१.६०%) | १६५ (२८.३९%) | ५८१ (१००%) | २६६१ (९५.४७%) | १२६ (४.५%) |

**स्रोत-स्थलगत सर्वेक्षण, २०६७-२०६९,**

**नोट :- (कोष्ट भित्र देखाइएको प्रतीशतले उत्तीर्ण-अनुत्तीर्ण प्रतिशत जनाउँछन् ।)**

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने २०६७-२०६९ सालको मुसहर बालबालिका र अन्य (बाहुन, क्षेत्री र अन्य) को परिक्षालाई हेर्दा अन्य समुदायको बालबालिकाको उत्तीर्ण दर सबैभन्दा बढी (९५.४७%) र अनुत्तीर्णदर सबैभन्दा कम (४.५२%) रहेको पाइयो भने त्यसको तुलनामा मुसहर बालबालिकाको उत्तीर्ण दर कम अर्थात (७१.६०%) र अनुत्तीर्ण दर बढी (२८.३९%) रहेको पाइयो ।

**४.५ मुसहर बालबालिकाको कक्षा छोड्ने विवरण (२०६७-२०६९)**

| **क.सं.** | **विद्यालयको नाम** | **जम्मा विद्यार्थी भर्ना संख्या** | | **कक्षा छोड्ने विद्यार्थी संख्या** | | |
|---|---|---|---|---|---|---|
| | | केटा | केटी | केटा | केटी | जम्मा |
| १. | श्री मनपुरन नि.मा.वि. भैरवपुर | ३० | २१ | ४ | ७ | ११ |
| २. | श्री ५ महेन्द्र प्रा.वि. रंजितपुर | ३४ | २३ | ५ | ६ | ११ |
| ३. | श्री शिशु कल्याण जनता उ.मा.वि. हरिभवन, करहिया | ३१ | १९ | ३ | ७ | १० |
| | **जम्मा** | **९५ (६०.८१%)** | **६३ (३९.८७%)** | **१२ (३.७५%)** | **२० (६.२५)** | **३२ १0%** |

**स्रोत- स्थलगत सर्वेक्षण, २०६९,**

**नोट :-कोष्ट भित्र देखाइएको संख्याले मुसहर केटा-केटीको कक्षा छाड्ने प्रतीशतलाई जनाउंछ ।**

तालिकामा हेर्दा जम्मा भर्ना भएका मुसहर विद्यार्थीहरु मध्ये (३.७५%) केटा र (६.२५%) केटीले (०६७-०६९) सालको रेकर्ड अनुसार कक्षा छाड्ने गरेको पाइयो । हरिपुर स्रोत केन्द्रमा रहेका ३ वटा प्राथमिक विद्यालयमा कक्षा छाड्ने विद्यार्थीहरु (१०%) रहेका छन् । यस अध्ययनबाट ३ वटा विद्यालयमा मुसहर केटा भन्दा केटीहरुले कक्षा बढी छाडेको देखियो ।

### ४.६ विद्यालय छोड्ने कारण र तीनमा देखिएको सामाजिक सांस्कृतिक प्रभाव

यस अध्ययनको एउटा प्रमुख उद्देश्य प्राथमिक तहमा विद्यार्थीहरुले विद्यालय छोड्ने कारण पत्ता लगाउनु हो । यो उद्देश्य प्प्तिको लागि विद्यालय छोड्ने कूल विद्यार्थीमध्ये १० जना र विद्यालय छोडेका विद्यार्थीहरुका अभिभावकहरुसँग अन्तरवार्ता लिइएको थियो । यसै गरी छनौट गरीएका ३ वटा विद्यालयका प्रधानाध्यापकसँग पनि अन्तरवार्ता र छलफल गरीएको थियो प्र.अ. द्वारा व्यक्त गरीएका बिचारहरुमा प्राथमिकतहमा विद्यालय छोड्ने कारणहरु निम्नअनुसार छन् ।

(**क**) बालबालिकाहरु विद्यालय छोड्नुका कारणहरुमा प्रमुख कारण अभिभावकहरुको गरीबी देखियो । गरीबीकै कारणबाट बालबालिकाहरु सानैदेखि आय-आर्जनका काममा संलग्न हुनुपर्ने र कतीपय बालबालिकासँग कांपी, कलम, पेन्सील, लुगा समेत नभएर प्राथमिक विद्यालयमा उनीहरुको सिकाइ प्रभावकारी हुन नसकेको पनि भेटियो र त्यस्ता विद्यार्थी परिक्षामा समेत फेल हुने गरेको र अन्त्यमा विद्यालय छोड्नुपर्ने बाध्य भएको देखियो ।

(**ख**) विद्यालय छोड्नुको अर्को प्रमुख कारण अभिभावकहरुको अज्ञानता हो भन्ने कुरा पाइयो । कतीपय अभिभावकहरुले आफ्ना छोरा-छोरीको शिक्षालाई महत्व दिएका थिएनन् । उनीहरुले विद्यालयमा छोरा-छोरीलाई विद्यालयमा भर्ना गरसीकेपछि आफ्नो दायित्व पुरा भएको महसुस गरेका थिए । जनचेतनाको अभावका कारण कतीपय अभिभावकहरुले छोरीको शिक्षामा गरीएको लगानीलाई बढी उमेर मै गर्ने गरेका थिए ।

(**ग**) विद्यालय छोड्नु पर्ने अर्को कारण परिवारको आकार पनि भेटियो । धेरै बच्चा जन्माउने संस्कारले विद्यालय छोड्नुपर्ने समस्याहरु बढाएको देखियो । धेरै कालबालिकाहरुको लागि विद्यालय पोषाक, कपी, किताब किन्ने क्षमता नभएको कारणले पनि कयौ विद्यालय छोड्न बाध्य भएको पाइयो ।

(**घ**) यस क्षेत्रका मुसहर बालबालिकाहरु १०/१२ बर्षको उमेर मै अर्काको घरमा रोजगार र खानाको लागि काम गर्ने प्रचलनले पनि विद्यालय छोड्नेदर लाई बढावा दिएको भेटियो ।

मथि उल्लेख गरीएका कारणहरुलाई अभिभावक तथा विद्यालय छोड्ने कालबालिकाहरुको व्यक्त गरीएका प्रतीक्रियासँग मिलाई समूहमा विश्लेषण गरीएको थियो ।

**४.७ विद्यालयसँग सम्बन्धीतकारणहरु**

अभिभावक तथा बालबालिकाहरुलाई सोधिएको विद्यालयसँग सम्बन्धीतकारणहरुमा विद्यालयको पठन-पाठन तथा सिकाइ, वातावरण, विद्यालयले प्रदान गरेका सेवा-सुविधा तथा भौतिक सुविधा, विद्यालयमा शिक्षकहरु द्वारा गरीएको व्यवहार र विद्यालयमा साथिहरुले गरेका व्यवहारहरु रहेका थिए । यी कारणहरुको सम्बन्धमा अभिभावक तथा बालबालिकाहरु द्वारा व्यक्त प्रतीक्रियालाई निम्न अनुसार देखाइएको छ ।

**तालिका ९**

| विद्यालयसंग सम्बन्धीतकारणहरु | अभिभावक २० जना | बालबालिका जम्मा १२ जना | |
|---|---|---|---|
| | | छात्र | छात्रा |
| विद्यालयको सिकाइ वातावरण तथा पठन पाठन सन्तोषजनक नभएको | २ जना (१०%) | --- | --- |
| विद्यालयमा भौतीक सुविधा प्रदान नगरीएकोले | ३ जना (१५%) | २ (१७%) | --- |
| शिक्षकहरुको भेदभावपूर्ण व्यवहार | २ जना (१०%) | --- | २ (१७%) |
| विद्यालयमा | १ (५%) | ३ (२५%) | ३ (२५%) |

| | | | |
|---|---|---|---|
| साथीहरुले गरेको व्यवहारले | | | |

**स्रोत - स्थलगत अध्ययन, २०६९,**

## ४.८ प्राथमिक तहमा मुसहर छात्र-छात्राहरुको विद्यालय छोड्ने प्रवृती

विद्यालयमा भर्ना भएर आफ्नो तहका शिक्षा पुरा नगरी बिचैमा विद्यालय छाड्ने प्रवृतीलाई ड्रप-आउट भनिन्छ । यसरी भर्ना भएका बालबालिकाहरु विद्यालय बिचैमा छोडी नेपालमा उपेक्षित उद्देश्य पुरा नभएर धेरै शैक्षिक क्षती भएको देखिन्छ । प्राथमिक तहको शिक्षा पुरा नगरी बालबालिकाहरु बिचैमा विद्यालयबाट बाहिरिदा उनीहरुको भविष्य अन्धकारमय हुनुको साथै ग्रामिण नेपालका प्राथमिक उखान लागु हुन्छ । एक अध्ययनका अनुसार ग्रामीण नेपालका प्राथमिक विद्यालयमा हुने ड्रप-आउटको अवस्था र प्रमुख कारक तत्वहरुमा अशिक्षा, कमजोर आर्थिक अवस्था, कृषि पेशामा संलग्न, मजदुरी पेशा र ठूलो परिवार रहेको दलित केटा-केटीहरुमा आर्थिक मात्रामा ड्रप-आउट रहेको देखाएको छ । त्यसरी नै केटा-केटीहरुमा अधिक मात्रामा ड्रप-आउट दरमा वृद्धि भइरहेको ड्रप-आउटको आर्थिक अवस्था र अभिभावकहरुको चेतनासँग प्रत्यक्ष सम्बन्ध रहेको कुरा देखाएको छ । सेरिड (१९९७) यही कुरालाई आचार्य (२०५८) ले पनि समर्थन गरेका छन् । उनका अनुसार गरीबीको कारणले गर्दा प्राथमिक तहभन्दा माथि पढ्न सक्ने उनीहरुको आर्थिक हैसीयत छैन र प्राथमिक शिक्षाको कुनै भविष्य देखिँदैनन् । जसको परिणामस्वरुप बढी विद्यालय छाड्ने गरेको पाइन्छ । त्यसैगरी नै धेरैजसो मुसहर बालबालिकाले विद्यालय छाड्नु पर्ने कारणहरुमा घरमा कामको बोझ बढी, परिवार ठूलो, अभिभावक अशिक्षित, माध्यमिक विद्यालय उमेर सम्म पनि प्राथमिक पढ्नुपर्ने र परिवारमा उपचुक्त वातावरणले गर्दा विद्यालय छोड्नु परेको अध्ययनमा देखाइएको छ ।

## ४.९ प्राथमिक तहका बालबालिकाले विद्यालयमा नियमित हुनु र घरमा सामना गर्नु परेका समस्याहरु

प्राथमिक तहका विद्यार्थीले विद्यालय नियमित नजानु, बिचैमा कक्षा छोड्ने, अनुत्तीर्ण हुने बालबालिकाले विद्यालय र घरमा सामना गरेका समस्यालाई तलको तालिकाबाट प्रदर्शन गरीएको छ ।

**तालिका १०**

| क.सं. | समस्या | घरमा | | विद्यालयमा | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| १. | शुल्क र शैक्षिक सामग्रीको उपलब्ध | १५ (८३.३३%) | ३ (१५.६६%) | ---- | ---- |
| २. | पोशाकको उपलब्धता प्रतिशत | १५ (८३.३३%) | १५ (८३.३३%) | ---- | ---- |
| ३. | खाजाको व्यवस्था प्रतिशत | ३ (१५.६६%) | १५ (८३.३३%) | ---- | ---- |
| ४. | सामाञ्जस्य (साथी वा शिक्षक) | १५ (८३.३३%) | ३ (१५.६६%) | ३ (१५.६६%) | १५ (८३.३३%) |
| ५. | पढ्ने वातावरण प्रतीशत | ४ (२२.२२%) | १४ (७७.७%) | १४ (७७.७%) | ४ (२२.२२%) |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | पढ्ने समय प्रतीशत | ३ (१५.६६%) | १५ (८३.३३%) | १८ (१००%) | ---- |
| ७. | सीकाइमा सहयोग प्रतीशत | ३ (१५.६६%) | १५ (८३.३३%) | १४ (७७.७%) | ४ (२२.२२%) |

**स्रोत : स्थलगत सर्वेक्षण, २०६९,**

उपर्चुक्त तालिका अनुसार प्राथमिक तहमा विद्यालय जाने बालबालिकाहरुलाई घरबाट शुल्क, शैक्षिक सामग्री र पोशाकको लागि ८३.३३% सहयोग भइरहेको छ भने खाजा, पानी १५.६६% घरबाट सहयोग भएको पाइएको छ । सामाञ्जस्यतर्फ घरमा बढी उपर्चुक्त वातावरण छ भने विद्यालयमा ८३.३३% मात्र छ । पढ्ने वातावरण विद्यालय तर्फ ७७.७% अनुकूल छ भने घरमा कामको कारणले १५.६६% ले मात्र अनुकूल छ, पढ्ने समयतर्फ विद्यालयमा नै बढी समयको उपलब्धता छ, घरमा १५.६६% समय मात्र बालबालिकाले पढ्ने समय पाउने गरेका छन् ।

सारांशमा भन्दा विद्यालयमा सीकाइ, पढ्ने वातावरण, समय बालबालिकाको लागि उपर्चुक्त छ र घरमा उपरोक्त तर्फ समस्या नै रहेको पाइएको छ ।

अतः विद्यालय शिक्षामा मुसहर बालबालिकाको शिक्षामा देखिएको समस्या निम्न अनुसार रहेकोछ ।

- विपन्न पारिवारिक अवस्थाले गर्दा विद्यालयमा शिक्षण शुल्क, स्टेशनरी र पोशाकको व्यवस्था हुन नसकेर सहभागिता हुन नपाएको ।
- बालबालिकाको शिक्षाको चाहना विपरित पारिवारिक अवस्थाले बाध्यताबस उनीहरु बाल मजदुरीमा लागेका छन् ।

- पढ्ने उमेर भन्दा बढी उमेर भएर विद्यालय शिक्षामा समाहित हुन लाज मानेका छन् ।
- जाँड रक्सी खाने खराब संस्कृतीले गर्दा सानो उमेरमा नै कुलतमा लागेका छन् ।

अनुसन्धानका लागि छनोट गरीएका ३ वटै विद्यालयको प्राथमिक विद्यालयको सहभागिता सम्बन्धी लिइएको विवरणको आधारमा के प्रष्ट हुन्छ भने विद्यालय सुरु भर्ना भएका, विद्यार्थीमा अनुत्तीर्ण संख्या, कक्षा दोहोऱ्याउने संख्या र बिचैमा छाड्ने संख्या पनि पाइएको छ जुन माथिका तालिका (६, ७ र ८) मा दिइएको छ ।

## ४.१० अध्ययन छनोटमा परेका विद्यालय, प्र.अ र विद्यालय व्यवस्थापन समितीको अध्यक्षको नामावली विवरण

**तलिका नं. ११**

**विद्यालय प्र.अ. र वि.व्य.स.का अध्यक्षको नामावली विवरण**

| क.सं. | विद्यालयको नाम | प्र.अ. को नाम | अध्यक्षको नाम |
|---|---|---|---|
| १. | श्री मनपुरन नि.मा.वि. भैरवपुर | श्री रबीन्द्र कु. कर्ण | श्री खेन्हाइ चौधरी |
| २. | श्री ५ महेन्द्र प्रा.वि. रंजितपुर | श्रीमती मिन उप्रेती | श्री मान ब. खड्का |
| ३. | श्री शिशु कल्याण जनता उ.मा.वि. हरिभवन, करहिया | श्री बद्रीनाथ कोइराला | श्री मान ब. खड्का |

**स्रोत - स्थलगत भ्रमण अध्ययन, २०६९,**

## ४.११. मुसहर समुदायमा पर्ने विभिन्न जातहरुको विवरण

- मुसहर
- सदा
- माझी
- तत्मा

- मुखिया
- मलाहा

## ४.१२ मुसहर बालबालिकाको शैक्षिक सहभागिता बढाउनका लागि सरकारी संस्थाहरुले खेलेको भूमिका

जिल्ला शिक्षा कार्यालय सर्लाही जि.शि.का. सर्लाहीबाट संकलन गरेको प्रश्नावली र डायरी रिपोर्टको आधारमा मुसहर बालबालिकाको विद्यालय, उमेर समूहको विद्यालय जाने बालबालिकाको कुनै छुट्टै तथ्याङ्क राखेको पाइएन ।

## प्रश्नावली सोधिएको निष्कर्ष यस प्रकार छ

- विभिन्न संघ-संस्थाहरुको साझेदारीमा मुसहर समुदायमा बाल बिकास केन्द्रहरु सञ्चालन गरीएको छैन ।
- बालबालिकाहरुको नियमित रुपमा विद्यालय पठाउनु पर्दछ भन्ने धारणाको विकास सम्बन्धमा मुसहर बस्तीमा जागरण कार्यक्रमहरु गरीएको पाइयो ।
- सार्वजनिक विद्यालयहरुले मुसहर बालबालिकाको शैक्षिक स्तर वृद्धि गर्न गराउनको लागि कुनै पनि शुल्क नलिएको तथा जि.शि.का. बाट प्राप्त छात्रवृती नियमित दिएको पाइयो ।

## शोधकर्ताको अवलोकन (डायरी रिपोर्ट )

अधिकांश मुसहर समुदायका मानिसहरु कमारो भएकोले बेरोजगारी अथवा अर्धरोजगारीको स्थितीमा भएकोले आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउन सकेका छैनन् । यिनीहरुको घरको आर्थिक अवस्था दयनीय छ । घर, आँगन सफा सुग्घर छैनन्, खाना पकाउन कोठा छुट्टै छैन । प्रायः पानी जम्ने र उब्जाउ नहुने ठाउँमा उनीहरुको व्यवस्था गरीएको छ । उनीहरुले श्रम गरेर उत्पादन गर्नको लागि आफूसँग खेतबारी छैन । यी मुसहर समुदायले चाहेर पनि पैसाको अभावमा विद्यालयमा सबै बालबालिकाहरुलाई पठाउन सकेका छैनन् । आर्थिक स्रोत जुटाउन र परिवारको लालन-पालनको लागि पनि बाध्यताबश बालबालिकाहरुलाई बालमजदुरीमा संलग्न गराएका छन् । मुसहर समुदायको घरमा रुढीवादी परम्परा भएकोले कम उमेरमा विवाह भएकाहरु पनि पाइएका छन् । यसको साथै मुसहर परम्परागत रुपमा जाँड रक्सी खाने बानी भएकाले खाद्यान्नलाई जाँड रक्सी बनाउन प्रयोग गरीएको र सो नभएमा दैनिक मजदुरीको अधिकांश रकम जाँड-रक्सीमा खर्च गरेको पाइएको छ । परम्परागत रुपमा माछा मार्ने, मुसाको शिकार गर्ने, माटो खन्ने गरेकाले सो कामको लागि अती आवश्यक कार्य र दैनिक मजदुरी समेत त्याग्ने गरेको पाइयो ।

माथि उल्लेखित विभिन्न प्रश्नावली र अन्तरवार्ता फारमको सार डायरी टिपोर्टहरुबाट थाहा हुन्छ कि प्राथमिक उमेरका मुसहर बालबालिकाहरुलाई शिक्षाको मूल धारामा समाहित गर्नको लागि मुसहर अभिभावक, सरकारी र गैर-सरकारी निकायहरुले गरेको सहयोगको बाबजुद पनि सबै प्राथमिक उमेरका बालबालिकाहरुका विद्यालयमा पहुँच हुन सकेको छैन । रुढीवादी सोचाइमा खास परिवर्तन आएको पाइन्न । सरकारी पक्षबाट ठोस रुपमा बालबालिकाको पहुँच निर्वाध रुपमा विद्यालय सम्म पुऱ्याउने कार्यक्रम रहेको छैन, खुद भर्नादर र सहजै देखिने भर्नादर एकदमै कम पाइएको छ । मुसहर समुदायमा आफ्नो जीविकोपार्जनका लागि चिन्तित छन् । बेरोजगार अथवा अर्धरोजगार छन् । शिक्षामा लगानी गर्ने सोच भोको पेट रहेर गर्न सकिरहेका छैनन् ।

## परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष तथा सुझावहरु

### ५.१ प्राप्ति

शैक्षिक सहभागिता भित्र विभिन्न कुराहरु जस्तो शैक्षिक अवस्था, भर्ना, कक्षा उपस्थित, सहभागिाता, उत्तीर्ण, अनुत्तीर्ण, कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने आदि कुरा पर्दछन् । यी सबै मध्ये यहाँ भर्ना संख्या सहभागिता बिचैमा कक्षा छाड्नेदरलाई एउटा शैक्षिक समस्याको रुपमा लिएको हो । हाम्रो देशमा एउटा गम्भीर समस्याको रुपमा देखा पर्नका साथै अन्य एसियाली देशको तुलनामा नेपालको उच्च रहेको देखिन्छ ।

- यस अध्ययन क्षेत्रका ३ वटा विद्यालयको शैक्षिक सहभागिता (२०६७-२०६९) को तथ्याङ्क हेर्दा सबैभन्दा कम सहभागिता मुसहर समुदायका बालबालिकाको पाइयो ।
- विद्यालयमा शुल्क र शैक्षिक सामग्रीको उपलब्धता र पोशाक उपलब्धताको कारणले ८३.३३% बाट मात्र घरमा व्यवस्था रहेको प्रतीक्रिया पाइयो ।
- मुसहर बालबालिकाको विद्यालयमा सहभागिता वृद्धि गर्नका लागि विद्यालयमा नियमित उपस्थित हुने, विद्यार्थीलाई पुरस्कार को व्यवस्था गरेको, शैक्षिक सामग्री उपलब्ध गराउने गरेको, मुसहर समुदायले विवाह गर्ने उमेर बढाएको, प्रोढ र बाल शिक्षा सञ्चालन गरेको पाइयो ।
- अध्ययन क्षेत्रका मुसहर बालबालिकालाई नियमित रुपमा विद्यालय जान मन लागे तापनि घरको काम बढी गर्नुपर्ने कारण कमजोर आर्थिक अवस्थाको कारण पारिवारिक कारणले गर्दा विद्यालयमा नियमित उपस्थित हुन नसकी शिक्षामा पछि परेको अध्ययनबाट देखियो ।
- मुसहर बालबालिकाले घरमा बढी काम गर्नुपर्ने, सानै उमेरमा विवाह गरीदिने परम्परा, विद्यालय उमेर भन्दा बढी उमेर भएकोले पढ्न जान लाज मान्ने आदि कारणले गर्दा १००% मुसहर बालबालिका विद्यालयमा उपस्थित हुन नसकेको देखियो ।

) शिक्षा कार्यालय सर्लाही ले S.I.P. मा आधारित विकास कार्यक्रम अन्तर्गत विद्यालयमा भर्ना भएका (५-९) बर्षका बालबालिकाहरुलाई भर्ना भएका प्रति बालबालिकाका रु.१५० का दरले शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालयले खर्च गर्न पाउने गरी विद्यालय कोषमा एकमुष्ठ रकम वितरण गरेको देखियो ।

## ५.२ निष्कर्ष

अध्ययन क्षेत्रको विश्लेषण र हात लागेको उपलब्धीहरुबाट शोधकर्ताद्धारा निम्न लिखित निष्कर्षहरु निकालिएको छ । यी निष्कर्षहरुले राष्ट्रिय प्रतीनिधतिव गर्दै शैक्षिक क्षेत्रमा पनि निर्णायक भूमिका खेल्न सक्दछन्  भन्ने कुरालाई नकार्न सकिदैन ।

अध्ययन क्षेत्रका विद्यालयको प्राथमिकतहमा मुसहर बालबालिकाहरुको शैक्षिक अवस्था भन्दा अन्य जातीमा बाहुन, क्षेत्री र अन्य को मापदण्ड राम्रो देखियो । आर्थिक र पारिवारिक रुपले पछि परका समुदाय हरेक क्षेत्रमा पछि पर्दा रहेछन् । वास्तवमा सामाजिक स्तरको मेरुदण्ड नै आर्थिक स्थिती देखियो । मुसहर समुदाय परम्परागत रुढिवादी शैलीमा चल्नाले अभिभावकहरुमा शैक्षिक चेतनाको कमिले गर्दा बालबालिकामा त्यसको प्रभाव पर्ने र विद्यालय नजाने र बिचैमा कक्षा छोड्ने गर्नाले शैक्षिक अवस्था पछि परेको देखियो । मुसहर बालबालिकाको विद्यालयमा भर्ना, उपस्थिती र कक्षा छाड्नेदरमा सामाजिक परिवेशले प्रत्यक्ष प्रभाव पारेको देखियो ।

मुसहर बालबालिकाको बार्षिक नतीजा ७१.६०% र अनुत्तीर्ण २८.३९% पाइयो भने अन्य समुदायको ९५.४७% उत्तीर्ण र ४.५२% अनुत्तीर्ण रहेको छ ।

## ५.३ सुझावहरु

यस अध्ययनमा देखिएका र भोगिएका कुराहरुको आधारमा निम्न प्रकारका व्यवहारिक सुझाव पेश गरीएको छ ।

प्राथमिक तहसम्म पूर्ण निःशुल्क भनिए तापनि कार्यान्वयनमा पूर्ण निःशुल्क नभई विभिन्न बाहानामा विद्यालयले शुल्क उठाउने गर्दा व्यवहारिक कठिनाइ परेको छ । त्यस तर्फ सम्बन्धीतनिकायको ध्यानाकर्षण भई छिटो भन्दा छिटो अपेक्षित समूहलाई लागु गरीनु पर्दछ ।

- जेहेनदार र सुविधाविहिन मुसहर बालबालिकालाई विद्यालयमा वा अन्य संस्थाको तर्फबाट दिने सहयोग नगद वा जिन्सी जे भए पनि निरन्तर रुपमा सम्बन्धीत व्यक्तिलाई दिई रहनु पर्दछ र दिने परिणाममा क्रमिक रुपमा वृद्धि गर्नुपर्छ ।
- मुसहर बालबालिकाको प्राथमिक शिक्षामा व्यापक सहभागिता जुटाउनका लागि सबैलाई एउटै धरातलमा नराखी राष्ट्रिय स्तरबाटै छुट्टै आरक्षणको व्यवस्था गर्नुपर्छ । आरक्षण गर्दा वस्तु-स्थितीलाई बुझेर मात्र गर्नुपर्छ ।
- मुसहर बालबालिकाको शैक्षिक अवस्थामा सुधार ल्याउन र विद्यालयमा पढ्ने र पढाउने देखि लिएर उनीहरुको पारिवारीक वातावरण, सरसफाई, स्वास्थ्य, खानपिन जस्ता संस्कारमा सुधार ल्याउनु पर्ने देखिन्छ । पढ्ने र पढाउने व्यक्ति बिच एउटै परिवारको जस्तो सम्बन्ध बनाउनु पर्दछ । शिक्षण प्रविधि दोहरो वा अन्तरक्रिया अपनाउनु पर्दछ ।
- लक्षित मुसहर समुदाय भित्र परम्परा देखि चलि आएको अन्धविश्वास, कुसँस्कार, कुप्रथा छुटाउन शिक्षक बुद्धिजीवी एवमं समाजसेवी मिलेर समाजमा जागरण कार्यक्रम, सडक नाटक का साथै दण्ड र पुरस्कार आदि कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- मुसहर बालबालिकालाई छात्रवृती, पोशाक वितरण, प्रशंसा जस्ता सकारात्मक र विभेदका कार्यक्रमहरु सरकारी पक्षबाट सञ्चालन गर्नुपर्दछ ।

# अनुसूचीहरु

१. प्र.अ./शिक्षकको लागि तयार पारिएको प्रश्नावली

२. मुसहर बालबालिकाको अभिभावक अन्तरवार्ता अनुसूची

३. विद्यालयका बालबालिकाहरुको लागि प्रश्नावली

४. विद्यालय व्यवस्थापन समितिका लागि प्रश्नावली

५. मुसहर विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिताको अवलोकन फारम

६. विद्यालयका शिक्षकका लागि प्रश्नावली

७. जि.शि.का. सर्लाहीका लागि प्रश्नावली

८. प्रधानाध्यापकका लागि प्रश्नावली

९. शैक्षिक शत्र २०६८-०६९ सालमा विद्यालय भर्ना, उत्तिर्ण संख्या, कक्षा दोहर्याउने र बिचैमा कक्षा छोड्ने मुसहर बालबालिकाहरुको बिवरण

## अनुसूची १

**कृपया तल दिएका प्रश्नको निर्देशन बमोजिमको उपयुक्त उत्तरमा (√) लगाउनुहोस् ।**

**विद्यालयको नाम :** **मिति :**
**प्र.अ./शिक्षक नाम :**
**लिङ्ग/जात :**

१. तपाईको विद्यालयमा मुसहर बालबालिकाको शैक्षिक अवस्था कस्तो छ ?

(क) धेरै राम्रो (ख) राम्रो (ग) ठीकै (घ) नराम्रो

२. यदि राम्रो छ भने के-के कारणले होला ?

(क) बालबालिकाहरुलाई पढाउनु पर्दछ भन्ने चेतनाको विकास ।

(ख) विद्यालयको शैक्षिक वातावरण राम्रो हुनाले ।

(ग) शिक्षकहरुले राम्रो पढाउने हुनाले ।

३. तपाइको विद्यालयमा मुसहर विद्यार्थीहरुको सहभागिता कस्तो छ ?

(क) राम्रो (ख) नराम्रो (ग) ठीकै (घ) धेरै राम्रो

४. मुसहर बालबालिकाहरुको शैक्षिक वृद्धिमा प्रभाव पार्ने तत्वहरु के-के होला ?

(क) आर्थिक पक्ष (ख) सामाजिक पक्ष (ग) व्यक्तिगत पक्ष (घ) पारिवारीक पक्ष

५. मुसहर छात्र-छात्राहरुको दैनिक गृहकार्यको अवस्था कस्तो छ ?

(क) दैनिक गर्छन् (ख) प्रायजसो गर्छन् (ग) कहिलेकाही गर्छन् (घ) गर्दैगर्दैनन्

६. मुसहर बालबालिकाहरुले बिचैमा कक्षा छाड्ने कारण के होला ?

(क) प्राथमिक उमेर भन्दा बढी उमेर हुनु

(ख) परिवारले पढाई छोड्न बाध्य बनाउनु

(ग) सानो उमेरमा विवाह हुनु

# अनुसूची २

**मुसहर विद्यार्थीहरुको शैक्षिक अवस्थाको अध्ययन गर्न अभिभावकका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली :-**

१. नाम......................................................................

२. ठेगाना, गाउँ..............................वार्ड नं.......... गा.वि.स..........................

३. उमेर ........................ लिङ्ग........... महिला ................... पुरुष ...................

४. शिक्षा (क) साक्षर (ख) निरक्षर

५. साार भएमा शिक्षाको किसिम

(क) औपचारिक (ख) अनौपचारिक (ग) पास गरेको कक्षा

६. परिवारको आकार र शैक्षिक स्थिति

| **क.सं.** | **नाम** | **उमेर** | **घरमूलीसँग सम्बन्ध** | **लिङ्ग** | **शैक्षिक योग्यता** | **अध्ययनरत कक्षा** | **बिचैमा छोडेको भए** | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | **कति कक्षा** | **कारण** |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६ | | | | | | | | |
| ७. | | | | | | | | |

७. तपाई आफ्ना केटा-केटीको पढाइमा सहयोग गर्नुहुन्छ ? किन ?

८. परिवारको आम्दानीको स्रोतहरु के-के छन् ?

(क) कृषी (ख) नोकरी (ग) व्यापार (घ) मजदुरी

९. विद्यालय जाने केटा-केटीलाई नियमीत विद्यालय पठाउनु हुन्छ ?

.........................................................................................................

१०. आफ्ना केटा-केटीलाई काममा कतिको लगाउनु हुन्छ ?

.........................................................................................................

११. मुसहर बाल-बालिकाहरुले बिचमा विद्यालय छोड्नुको कारण के-के होलान् ?

.........................................................................................................

१२. मुसहर बाल-बालिकाहरुले बिचैमा विद्यालय छोड्ने प्रवृति हटाउन के-के गर्नुपर्ला ?

.........................................................................................................

१३. मुसहर विद्यार्थीहरुलाई विद्यालयमा नियमित गराइ माथिल्लो स्तर सम्म अध्ययन गराउन के-के गर्नुपर्ला ?

# अनुसूची ३

**विद्यालय जाँदै गरेका बालबालिकाहरुका लागि प्रश्नावली**

**नाम :** **लिङ्ग :** **वार्ड नं. :**

**विद्यालयको नाम :** **कक्षा :**

१. तपाई विद्यालय जानुहुन्छ कि जानुहुन्न ?

..........................................................................................................

२. तिमीलाई स्कूल मन पर्छ कि घर ?

..........................................................................................................

३. विद्यालय जानुहुन्न भने किन जानुहुन्न ?

(क) घरायसी कामको कारण / आमा बुवाले नपठाएको कारणले ( )

(ख) सहपाठीको हेपाई वा झगडाको काणले ( )

(ग) शिक्षकको डरको कारणले ( )

(ङ) मातृभाषमा पाठ्यपुस्तक र शिक्षणको व्यवस्था नभएकोले ( )

४. जानु हुन्छ भने कति कक्षामा पढ्नु हुन्छ ? कक्षा .............................................

५. कक्षा शिक्षकहरुले के-कस्तो व्यवहार गर्ने गरेका छन् ?

..........................................................................................................

६. तपाइलाई विद्यालय जानुपर्छ जस्तो लाग्छ कि लाग्दैन, लाग्छ भने किन ?

..........................................................................................................

७. तपाइलाई विद्यालयले के गरेमा विद्यालय छाड्नु हुन्न ?

# अनुसूची ४

**विद्यालयको नाम :** ..............................................................

**ठेगाना :**.......................

**अध्यक्षको नाम** ..................................................................

१. व्यवस्थापन समितिको बैठक नियमित रुपमा गरिरहनु भएको छ ?

(क) गरिरहेका छौँ (ख) आवश्यक परेमा मात्र गर्छौं

(ग) गरिरहेका छैनौँ (घ) अन्य

२. शिक्षकको शिक्षण क्रियाकलापबाट विद्यार्थी सन्तुष्ट छन् ?

(क) छन् (ख) थोरै मात्रामा सन्तुष्ट छन् (ग) छैनन् (घ) अन्य

३. अभिभावकको शिक्षा प्रति कस्तो दृष्टिकोण छ ?

(क) सकारात्मक (ख) मिश्रित (ग) नकारात्मक (घ) अन्य

४. कुन पक्षमा सबैभन्दा बढी विद्यार्थीहरु अनुत्तीर्ण हुन्छन् ?

..............................................................................................................................

५. अनुत्तिर्ण, कक्षा छोड्ने, दोहोऱ्याउनेमा कुन जातिको संख्या बढी छ ?

(क) दलित (ख) मुसहर (ग) ब्राह्मण (घ) क्षेत्री

६. मुसहर विद्यार्थीहरु किन बिचैमा पढाइ छाड्छन् त ?

(क) घरको कामले फूर्सत नभएर (ख) पढ्न मन नलागेर

(ग) अभिभावकको शिक्षा प्रति चेतनाको कमिले (घ) अन्य

७. बिचैमा पढाइ छोड्ने प्रवृतिलाई रोक्न के गर्नुपर्ला ?

(क) अभिभावकहरुलाई सचेत गराउनुपर्ला

(ख) छात्रवृति दिनुपर्ला (ग) विद्यार्थीहरुलाई प्रोत्साहन दिनुपला

## अनुसूची ५

**फारम (रुजुसूची) :**

**विद्यालयको नाम :**

**कक्षा :** **गा.वि.स. :** **वडा :**

| सि.नं. | विद्यार्थी क्रियाकलाप | मुसहर (टिप्पणी) | गैरमुसहर (टिप्पणी) |
|---|---|---|---|
| १. | कक्षामा ध्यान दिएर सुन्छ | | |
| २. | विषयसँग सान्दर्भिक प्रश्न सोध्छ | | |
| ३. | शिक्षकले सोधेको प्रश्नको उत्तर सोध्छ | | |
| ४. | छलफलमा सहभागी हुनेछ | | |
| ५. | कक्षा कार्य गर्दछ | | |
| ६. | गृहकार्य गरेर ल्याउँछ | | |
| ७. | अरु विद्यार्थीसँग मिलेर बस्छ | | |
| ८. | कपी कलम लिएर स्कूल आउँछ | | |
| ९. | अतिरिक्त क्रियाकलापमा भाग लिन्छ | | |
| १०. | सह-क्रियाकलापमा भाग लिन्छ | | |
| | | | |
| | | | |

## अनुसूची ६

### विद्यालयका शिक्षक  शिक्षिकाका लागि प्रश्नावली :

**विद्यालयको नाम :** **योग्यता :**

**प्र.अ., शिक्षक र शिक्षिकाका नाम :**

**शिक्षण अनुभव :**

१. तपाईको विद्यालयमा धेरै विद्यार्थी कुन कक्षामा भर्ना हुन्छन् ?

(क) १ (ख) २ (ग) ३ (घ) ४ (ङ) ५

२. कक्षामा भर्ना भएका मध्ये कुन कक्षामा उपस्थितिदर बढी छ ?

(क) (ख) (ग) (घ) (ङ)

३. कक्षामा अनुत्तिर्ण विद्यार्थीहरुमा कुन जातिका विद्यार्थीहरुको संख्या बढी हुन्छ ?

(क) मुसहर (ख) थारु (ग) ब्राम्ह्मण (घं क्षेत्री (ङ) दलित

४. मुसहर बालबालिकाले कुन कारणले बिचैमा पढाइ छाड्छन्होला ?

(क) आर्थिक (ख) सामाजिक (ग) चेतनाको कमि (घ) अन्य

५. मुसहर बालबालिकाहरु पढाइमा उत्सुक देखिन्छन् ?

(क) देखिन्छन् (ख) थोरै मात्र देखिन्छन् (ग) देखिदैनन्

६. मुसहर विद्यार्थीहरुले बिचैमा पढाइ छाड्नुमा को प्रमुख जिम्मेवार को छ ?

(क) समाज (ख) विद्यालय (ग) शिक्षक (घ) अभिभावक

७. बिचैमा मुसहर विद्यार्थीहरुले पढाइ छाड्नुलाई रोकथाम गर्न कुनै सुझाव दिनु हुन्छ कि ?

## अनुसूची ७

**(क) जिल्ला शिक्षा कार्यालय सर्लाहीका लागि प्रशनावली**

**(ख) संघ-संस्थाहरुका लागि प्रश्नावली**

**कर्मचारीको नाम, ठेगाना :.........................................................................**

**मिति :.......................................... पद :................................................**

**आवश्यक्ता अनुसार सही ( √ ) खालि ठाउँमा भरी सहयोग गरिदिनुहोला ।**

१. यस जिल्लामा प्रा.वि. तहमा अध्यनरत मुसहर विद्यार्थीको तथ्याङ्ग अनुसार छोटकरीमा उल्लेख गरिदिनुहोस् ।

छात्र (..........................)          छात्रा (...................................)

२. मुसहर विद्यार्थीहरुको शैक्षिक विकासका लागि त्यस संस्थाबाट कुनै कार्यक्रम रहेको छ भने उल्लेख गरिदिनुहोस् ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

३. मुसहर बालबालिकाहरुको अभिभावकहरुमा “बालबालिकाहरुलाई विद्यालय नियमित पठाउनु पर्दछ भन्ने धारणाको विकास सम्बन्धि कुनै कार्यक्रम रहेको छ भने उल्लेख गरिदिनुहोस्, नभएमा त्यस सम्बन्धि सुझाव दिनुहोस् ।

.......................................................................................................

.......................................................................................................

## अनुसूची ८

### प्रधानाध्यापकका लागि प्रश्नावली

**विद्यालयको नाम :** **गा.वि.स. :**

**ठेगाना :** **वार्ड नं. :**

**प्रधानाध्यापकको नाम :** **शिक्षण अनुभव :**

१. तपाई शिक्षण पेशामा लागेको कति बर्ष भयो र यसबाट सन्तुष्ट हुनुहुन्छ कि हुनुहुन्न ?

.................................................................................................................

२. प्राथमिक तहमा बालबालिका बढाउन के गर्नुपर्ला ?

..............................................................................................................

.................................................................................................................

.................................................................................................................

३. विद्यर्थीहरुले कक्षा दोहोऱ्याउने कारणहरु के-के हुन् ?

.................................................................................................................

.................................................................................................................

४. तपाईको विद्यालयमा शैक्षिक उपलब्धी कम हुने जातिहरु कुन-कुन हुन् र किन यस्तो हुन्छ ?

.................................................................................................................

५. बालबालिकाहरुको प्राथमिक तह पार नगर्दै छोड्ने कारणहरु के-के हुन् ?

.................................................................................................................

मुसहर विद्यार्थीहरुको कक्षाकोठा क्रियाकलापमा सहभागिता हेर्नको लागि तयार पारिएको अवलोकन फारम

# अनुसूची ९

शैक्षिक सत्र २०६८–२०६९ सालमा विद्यालयमा भर्ना हुने, उत्तीर्ण संख्या, कक्षा दोहोऱ्याउने र बिचैमा विद्यालय छोड्ने मुसहर बालबालिकाको विवरण ।

विद्यालयको नाम :                    गा.वि.स.:          वार्ड नं.:

| कक्षा | विवरण | विद्यार्थी सुरु भर्ना | | अनुत्तीर्ण संख्या | | कक्षा दोहोऱ्याउने संख्या | | बिचैमा कक्षा छोड्ने संख्या अनुत्तीर्ण संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| साल | | २०६८ | २०६९ | २०६८ | २०६९ | २०६८ | २०६९ | २०६८ | २०६९ |
| | | | | | | | | | |
| १ | छात्र | | | | | | | | |
| | छात्रा | | | | | | | | |
| २ | छात्र | | | | | | | | |
| | छात्रा | | | | | | | | |
| ३ | छात्र | | | | | | | | |
| | छात्रा | | | | | | | | |
| ४ | छात्र | | | | | | | | |
| | छात्रा | | | | | | | | |
| ५ | छात्र | | | | | | | | |
| | छात्रा | | | | | | | | |

## सन्दर्भ सामाग्रीहरु

*कोइराला, विद्यानाथ (२०६१), 'सार्थक शिक्षाबाट बालश्रमको अन्त्य गरौं" बाल सरोकार केन्द्र काठमाण्डौं, : नेपाल बाल मजदूर सरोकार केन्द्र*

*कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर (२०५९) शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यहार काठमाण्डौं, : विद्यार्थी पुस्तक भण्डार*

*खनाल, पेशल (२०६४), शैक्षिक अनुसन्धान पद्यती काठमाण्डौं, सनलाईट पब्लीकेशन,*

*अधिकारी, बिष्णु प्रसाद (२०६३), माध्यमिक शिक्षक दिग्दर्शन, काठमाण्डौं : आशिष पुस्तक भण्डार ।*

*उच्च राष्ट्रिय शिक्षा आयोगको प्रतीवेदन (२०५५), काठमाण्डौं : शिक्षा तथा खेलकूद मन्त्रालय*

साउंद, हर्क बहादुर (२०६४), थरु बालबालिकाहरुको शिक्षामा सहभागिता अध्ययन स्नातकोत्तरतह शोधपत्र, शिक्षा शास्त्र, केन्द्रीय विभाग, त्रि.वि.वि. काठमाण्डौं :

*घिमिरे बिष्णु प्रसाद (२०६४), चितवनका आदिवासी जनजातिका सामाजिक र साँस्कृतिक अध्ययन, जि.वि.स. चितवन, ।*

पौडेल, गुरु प्रसाद (२०६४), बोटे जातीका बालबालिकाहरुको शैक्षिक अवस्था स्नातकोत्तरतह शोधपत्र, शिक्षा शास्त्र सरत गण्डकी बहुमुखी क्याम्पस, चितवन

विभिन्न समुदायको जातीगत विवरण बूलेटिन (२०६७-०६८) केन्द्रीय तथ्याङ्क विभाग

Sharma, Chiranjivi and Sharma Nirmala (2060): Philosophycal Found Sociological Condation of Education, Kathmandu M.K. Publishers and Distributors,

Bhotahiti Khanal, Shri Prasad (2062):- Programmed Education, Kathmandu Jupiter Publishers and Distribute

CERID (2001) . An Inquiry in the case of Primary School Dropout Rural Nepal, Kathmandu: Author.